# स्थानीय पाठ्यक्रम निर्माणको अवस्था

शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विषय अन्तर्गत स्नातकोत्तर तह
दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नको लागि प्रस्तुत
शोधपत्र

शोधकर्ता
यसोदा राउत
परीक्षा रोल नं.: २१४००३३ /०७३
त्रि.वि. दर्ता नं. : ९-२-२१५-३८-२०१०
क्याम्पस रोल नं.: ८४
शैक्षिक वर्ष : २०७१ /०७२

सुकुना बहुमुखी क्याम्पस
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
सुन्दरहरैचा, मोरङ,
२०७७

# सिफारिस पत्र

........................

शोध निर्देशक

भोजराज घिमिरे

# स्वीकृति पत्र

............................

विभागीय प्रमुख

........................

शोध निर्देशक

...........................

बाह्य सुपरीवेक्षक

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैचा, मोरङको पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष Ed.CE- 598 को विषय अन्तर्गत तयार पारिएको यस शोध लेखन कार्यलाई सम्पन्न गर्न सहयोग गर्नुहुनेमा विशेष गरी यसै सुकुना बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख श्री केशवराज भट्टराई प्रति हार्दिक आभार प्रकट गर्दछु । यस शोध लेखनको प्रश्तावना लेखन देखि शोधपत्र तयार पार्न सम्म निर्देशित गर्नुहुने निर्देशक मेरा आदरणीय गुरु भोजराज घिमिरे ज्यूलाई आत्मैदेखि कृतज्ञता व्यक्त गर्दछु । साथै अध्ययन कार्यका क्रममा सूचना प्रदान गरी सहयोग गर्ने मेरो अध्ययन क्षेत्रका स्थानीय तहका जनप्रतिनिधिहरु, बिद्यालयका प्र.अ., शिक्षक, बि.ब्य.स.का पदाधिकारीहरु, साथै महत्वपूर्ण सुचनादाताका रुपमा रहेका छनोटमा परेका भाई बहिनिहरु र उनीहरुका अभिभावकहरु तथा अन्य सरोकारवालाहरुलाई बिशेष धन्यवाद दिन चाहन्छु ।

यस शोधपत्र तयार पार्ने क्रममा घरायसी काममा सहयोग र साथ दिनुहुने मेरो बुबा, आमा, सम्पूर्ण साथीभाई, सुभचिन्तक तथा यस अन्सन्धानमा सुझाव सल्लाह प्रदान गर्दै छपाई कार्यमा सहयोग गरिदिने जुनु श्रेष्ठज्यूलाई धन्यवाद दिन चाहन्छु । साथै यो शोधकार्य पुरा गर्नमा सहयोग गर्नुहुने सम्पूर्णमा धन्यवाद प्रकट गर्दछु ।

यसोदा राउत

# प्रतिबद्धता पत्र

प्रस्तुत “स्थानीय पाठ्यक्रम निर्माणको अवस्था” शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैचा, मोरङको पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष Ed.CE- 598 को विषय अन्तर्गत शोध लेखनको प्रयोगात्मक कार्यका लागि मेरो आफ्नै प्रयास र सहभागितामा तयार पारिएको हो । यस सोध पत्रमा संलग्न गरिएका तथ्याङ्कहरु यथार्थ र वास्तविक छन् । यो सोध पत्र मार्फत कोही र कसैमाथि पर्न जाने असरको जिम्मेवारी म स्वयम् हुने प्रतिबद्धता व्यक्त गर्दछु ।

.

.......................

यसोदा राउत

शोधार्थी

# सोधसार


स्थानीय पाठ्यक्रम निर्माणको अवस्था सम्बन्धी यस अध्ययन मोरङ्ग जिल्लाको उर्लाबारी नगरपालिका क्षेत्रको स्थानीय पाठ्यक्रम निर्माणको अवस्था पहिचान स्थानीय पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुको भूमिका उजागर गरी स्थानीय पाठ्यक्रम निर्माणमा रहेका समस्याहरु पत्ता लगाई समाधानका उपायहरु सुझाउनु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

स्थानीय पाठ्यक्रम उत्तरआधुनिक दर्शनबाट प्रभावित रहेको छ । त्यसर्थ उत्तरआधुनिक सिद्धान्तले केन्द्रिकरणलाई नकार्ने विकेन्द्रिकरणमा जोड दिने गर्दछ । यसरी हेर्दा स्कीलवेकद्वारा प्रस्तुत पाठ्यक्रम विकासको नमुना सँग स्थानीय पाठ्यक्रम विकास प्रक्रिया निकट रहेको हुदाँ यसलाई आधार लिई अगाडि बढ्न आवश्यक देखिन्छ ।

यस अध्ययन उर्लाबारी नगरपालिका क्षेत्र भित्र रहेका २२ वटा सामुदायिक विद्यालय मध्ये ५ वटा विद्यालयका प्र.अ. ५ जना, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी ५ जना, विद्यार्थीहरु ६ जना, ६ जना अभिभावक, २ जना कृषि व्यवसायी गरि जम्मा २४ जनालाई उद्देश्यमूलक र सुविधाजनक विधिको प्रयोग गरी नमुना जनसङ्ख्याको रुपमा लिई अन्तर्वार्ता अनुसुची, छलफल विधिहरुको प्रयोग गरेर तथ्याङ्क संकलन गरी तथ्याङ्कलाई गुणत्मक अनुसन्धानको ढाँचामा व्याख्या तथा विश्लेषण गरी सम्पन्न गरिएको छ ।

अध्ययनबाट प्राप्त नतिजालाई हेर्दा स्थानीय पाठ्यक्रम निर्माणको लागि स्थानीय तहले कुनै पनि अभ्यास नगरेको पाठ्यक्रम निर्माणको प्राविधिकहरु पनि उपलब्ध नभएको उचित प्रबोधिकरण र अभिमुखीकरण तालिमको अभावमा यहाँका सरोकारवालाहरु स्थानीय सरोकारवालाहरु अनविज्ञ रहेको पाइयो भने केहि शिक्षित अभिभावकहरु र स्थानीय बुद्धिजीवि व्यवसायीहरुको स्थानीय पाठ्यक्रम प्रति सकारात्मक धारण रहेतापनि स्थानीय तहले यस विषयमा कुनै पनि चासो नराखेको र उनीहरुको धारणा सल्लाह, सुझावहरु समेत नलिएको पाइन्छ । स्थानीय तहले स्थानीय पाठ्यक्रम निर्माण गर्नका लागि अहिले सम्म कुनै पनि ऐन, नियम नबनाएको देखियो ।

यस अध्ययनबाट प्राप्त निष्कर्षलाई हेर्दा स्थानीय तहले स्थानीय पाठ्यक्रम निर्माणका लागि जनसहभागिता जुटाउनु पर्ने पाठ्यक्रम सम्बन्धी अभिमुखीकरण तथा प्रबोधिकरण कार्यक्रम संचालन गर्नुपर्ने प्राविधिकको व्यवस्था गर्नुपर्ने र समाजका आवश्यकताहरु पहिचान गर्न, स्थानीय विषयवस्तुको छनौट गर्नका लागि सर्भे सञ्चालन गरी सुचनाहरु लिने कार्यहरु गर्न सकिन्छ भने स्थानीय पाठ्यक्रम निर्माणका लागि सवै सरोकारवालाहरुको सहभागितात्मक भेला तथा बैठक गरी उनीहरुको सल्ला, सुझाव अनुसार पाठ्यक्रम निर्माणको समस्याहरु कम गरी स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिन्छ ।

# सर्न्दभ सूची


अधिकारी, तोयानाथ (२०७०) “*शिक्षाका आधारहरु*” एकेडेमिक बुक सेन्टर त्रि.वि., कीर्तिपुर ।

अधिकारी, बालकृष्ण (२०७५) *“पाठ्यक्रम तथा मूल्याङ्कन”* करुधारा पब्लिकेशन, काठमाडौं ।

कुँवेर, राजेन्द्र (२०६७) *“पाठ्यक्रम तथा मूल्याङ्कन*” असफोर्ड पब्लिकेशन, काठमाडौं ।

खनाल, श्रीप्रसाद (२०६८) *“पाठ्यक्रम सिद्धान्त”* जुपिटर पब्लिसर्स टेकु, काठमाडौं ।

पोखरेल, हरिहर (२०७२) “*सङघीय सात प्रदेश नेपालको संविधान*” ब्रदर बुक्स प्रकाशन, काठमाडौं ।

निउरे, ध्रुव प्रसाद (२०७१) *“पाठ्यक्रम योजना र अभ्यास*” क्वेष्ट पब्लिकेशन, कीर्तिपुर, काठमाडौं ।

नेपाल, सरकार (२०७६) *“विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप*” पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

नेपाल, सरकार (२०६७) “*स्थानीय पाठ्यक्रम स्रोत तथा प्रशिक्षण सामग्री*” पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

बूढानीलकण्ठ, नगरपालिका (२०७६) *“हाम्रो बूढानीलकण्ठ स्थानीय विषयको पाठ्यक्रम”* बूढानीलकण्ठ नगरपालिका,काठमाडौं ।

शिवाकोटी, गोपाल (२०७२) *“नेपालको संविधान २०७२*” पैरवी प्रकाशन, पुतली सडक,काठमाडौं ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२००३) “*सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००१ देखि २०१५ सम्म)*” शिक्षा मन्त्रालय, काठमाडौं ।


अधिकारी, तोयानाथ (२०७०) *“शिक्षाका आधारहरु*” एकेडेमिक बुक सेन्टर त्रि.वि., कीर्तिपुर ।


सिंह, नागेश्वर (२०६७) *“पाठ्यक्रम र मूल्याङ्कन*” पैरवी प्रकाशन, पुतलीसडक, काठमाडौं ।

www.edukhabar.com, “*स्थानीय पाठ्यक्रम बारे केही कुरा*” ।

www.onlinemajdoor.com, “*स्थानीय पाठ्यक्रम सम्भावना र चुनौती*” ।

www.rajdhanidaily.com, “*स्थानीय पाठ्यक्रम निर्माणको रुपरेखा”*।

# विषयसूची

| | पृष्ठ संख्या |
|---|---|
| प्रतिबद्धता पत्र | क |
| सिफारिस पत्र | ख |
| स्वीकृति पत्र | ग |
| कृतज्ञता | घ |
| शोधसार | ङ |
| विषय सूची | च |
| तालिका सूची | छ |
| **परिच्छेद एक : परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनका उद्देश्यहरु | ५ |
| १.४ अनुसन्धानात्मक प्रश्नहरु | ५ |
| १.५ अध्ययनको महत्व | ६ |
| १.६ अध्ययनको परिसीमा | ६ |
| **परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा** | |
| २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन | ८ |
| २.२ सम्बन्धित साहित्यको पुनरवलोकन | ९ |
| २.३ पुनरवलोकनको उपादेयता | १० |
| २.४ सैद्धान्तिक / अवधारणात्मक ढाँचा | ११ |
| **परिच्छेद तीन: अध्ययनको विधि र प्रक्रिया** | |
| ३.१ अध्ययनको ढाँचा र विधि | १२ |

३.२ जनसंख्या, नमुना र  नमुना छनोट रणनीति १२
३.३ अध्ययनको क्षेत्र १३
३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका १३
३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया १३
३.६. तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया १४

परिच्छेद चार : नतिजाको व्याख्या एवम् विश्लेषण

४.१ स्थानीय पाठ्यक्रम निर्माणको अवस्था १५
४.१.१ समकालिन समाज १६
४.१.२ स्थानीय सीप १६
४.१.३ स्थानीय संस्कृति र भूगोल १६
४.१.४ स्थानीय आवश्यकता १७
४.१.५ नीतिगत व्यवस्था १८
४.१.६ स्थानीय पाठ्यक्रम निर्माणको अभ्यास २०
४.१.७ प्राविधिक अवस्था २१
४.१.८ धारणागत अवस्था २१
४.२ स्थानीय पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुको भूमिका २२
४.२.१ विद्यालय व्यवस्थापन समिति २२
४.२.२ नगरपालिका २४
४.२.३ शिक्षक २५
४.२.४ स्थानीय उद्योगी / व्यवसायी २७
४.२.५ अभिभावक वर्ग २९
४.२.६ विद्यार्थी ३१
४.३ स्थानीय पाठ्यक्रम निर्माणका समस्याहरु ३२
४.३.१ प्राविधिक समस्या ३३
४.३.२ आर्थिक समस्या ३४

४.३.३ संस्थागत समस्या ३४
४.३.४ नीतिगत समस्या ३५
४.३.५ अन्य समस्याहरु ३६
४.४ प्राप्ति तथा सारांश ३७
४.४.१ अध्ययनको प्राप्ति ३७
४.४.२ अध्ययनको सारांश ३८

परिच्छेद पाँच : निष्कर्ष र सुझाव

५.१. निष्कर्ष ३९
५.२ .सुझावहरु ४०
५.२.१ नीतिगत तहका लागि सुझाव ४०
५.२.२ अभ्यास तहका लागि सुझाव ४१
५.२.३ अनुसन्धान तहका लागि सुझाव ४१

सन्दर्भसूची
अनुसूची

# तालिका सूची


तालिका १ : स्थानीय पाठ्यक्रम निर्माणको आधार १५

तालिका २ : स्थानीय पाठ्यक्रम निर्माणको अवस्था १८

तालिका ३ : विद्यालय व्यवस्थापन समितिको भूमिका २३

तालिका ४ : नगरपालिकाको भूमिका २४

तालिका ५ : शिक्षकको भूमिका २६

तालिका ६ : उद्योगी, व्यवसायीहरुको भूमिका २८

तालिका ७ : अभिभावकको भूमिका ३०

तालिका ८ : विद्यार्थीको भूमिका ३१

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानव जीवनको एउटा महत्वपूर्ण पक्ष हो । शिक्षाद्वारा नै आफ्नो समग्र व्यक्तित्व विकास गरि समाजमा सहज रुपमा जीवन निर्वाह गर्न सक्दछ । मानव समाजको विकासक्रम सँगै स्थापित भएका मूल्य मान्यता, ज्ञान, सीप र व्यवहारिक अनुभवहरु एक पछि अर्को गर्दै आफ्ना सन्ततिहरुमा हस्तान्तरण हुदै जाने क्रममा अनौपचारिक रुपबाट शिक्षाको विकास हुन पुग्यो । परिवर्तित समाज सँगै मानवका इच्छा, चाहनाहरु क्रमशः जटिल बन्दै गए । यसलाई पुरा गर्ने क्रममा विभिन्न संघ संगठनहरु निर्माण भए । तिनैको माध्यमबाट निश्चित नीति, नियमहरुको तर्जुमा गरि मानव समाजको आवश्यकताहरु पुरा गर्दै जादा औपचारिक शिक्षाको विकास हुन पुग्यो । जस्मा धर्मगुरुबाट आफ्ना शिष्यहरुलाई धार्मिक ग्रन्थका कुराहरु, समाजका नीति, नियमहरुको ज्ञान दिन थालियो । त्यतिवेला धर्मगुरुलाई शिक्षक र धर्मग्रन्थलाई तत्कालिन पाठ्यक्रम मान्न सकिन्छ । यसरी इतिहासमा सिक्ने र सिकाउने विषयवस्तुको सूचीको रुपमा विकसित हुदै आएको पाठ्यक्रम हाल आएर शिक्षा क्षेत्रको मेरुदण्डको रुपमा रहेको छ ।

शिक्षामा पाठ्यक्रम शब्दको पहिलो प्रयोग गर्ने व्याक्ति फ्राङकलिन बोबिट हुन् । उनले सन् १९१८ मा पाठ्यक्रम नामक पुस्तक प्रकाशन गरेर यस शब्दको प्रयोग गरेका थिए । पाठ्यक्रम शिक्षाको मूल दस्तावेज हो । पाठ्यक्रममा शिक्षाका लक्ष्यहरु पुरा गर्नका लागि उद्देश्य, विषयवस्तु, क्रियाकलाप, शिक्षण विधि, शैक्षिक सामाग्रीहरु आदि समावेश गरिएका हुन्छन् । पाठ्यक्रमलाई परिभाषित गर्दै जोन डिवेले पाठ्यक्रमलाई मानव जातीको सम्पूर्ण ज्ञान तथा अनुभवका रुपमा लिनु पर्ने बताएका छन् ।

शिक्षाको लक्ष्य हासिल गर्नको लागि पाठ्यक्रमले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । राष्ट्रिय आवश्यकता अनुसार शिक्षाको लक्ष्य तथा उद्देश्य निर्धारण भएको हुन्छ । फलस्वरुप पाठ्यक्रमको निर्माण राष्ट्रको आवश्यकतालाई ध्यानमा राखेर गरिएको हुन्छ । यसलाइ पुरा गर्नको लागि सम्पूर्ण विधि, क्रियाकलाप र रणनीतिहरु पाठ्यक्रममा समावेश गरिएको हुन्छ । पाठ्यक्रम देश र समाजको आवश्यकता अनुरुप परिवर्तनशील र लचिलो हुन जरुरी छ ।

पाठ्यक्रम सवै अवस्थामा एउटै, कठोर नभइ फरक–फरक र लचिलो हुनुपर्छ । त्यसैले पाठ्यक्रम भन्नु शिक्षक वा शिक्षाकर्मीहरुले राख्ने प्रस्तावना हो जसलाई अभ्यासमा रुपान्तरण गरिन्छ । यस्तो प्रस्तावना अवस्था अनुसार फरक–फरक हुन्छ । जस्ले फरक अनुभवको प्राप्ति गराउदछ (खनाल श्रीप्रसाद, २०६८) ।

स्थानीय समस्यालाई समेटि स्थानीय क्षेत्रको विकास गर्न स्थानीय पाठ्यक्रम निर्माण गर्न आवश्यक हुन्छ । नेपालमा स्थानीय पाठ्यक्रमको सुरुवात गर्ने पहिलो स्थानीय तह भक्तपुर उपमाहानगरपालिका हो । उक्त पालिकाले भक्तपुरको विशेषताहरु, जु–जु धौ दहि, स्थानीय खेल कसिमला लाई पनि पाठ्यक्रममा समावेश गरेको थियो । स्थानीय स्तरमा स्थानी सरोकारवालाहरुको सहभागितामा स्थानीय आवश्यकता अनुसार स्थानीय स्रोत साधनको परिचालन हुने विषयवस्तुहरु समावेश गरि निर्माण र कार्यान्वयन हुने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ ।

केन्द्रबाट तय हुने पाठ्यक्रमले स्थानीय संस्कृति, जनजीवन, भूगोल लगायतका पक्षहरुलाई समेट्न सक्दैन भन्ने मान्यताका आधारमा स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो (www.edukhabar.com) ।

स्थानीय पाठ्यक्रम स्थानीय तहमै निर्माण गरिने भएकोले केन्द्रिय पाठ्यक्रमले समेट्न नसकेको विषयवस्तु यसमा समावेश गरिन्छ । जसले गर्दा स्थानीय ज्ञान र सीप विकासमा मद्दत पुग्दछ ।

प्राथमिक पाठ्यक्रम २०६५ को परिभाषा अनुसार – "स्थानीय सरोकारवालाहरुको सहभागितामा स्थानीय आवश्यकता अनुसार विषयवस्तुहरु समावेश गरि निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो" (कुवेर, २०६७) ।

स्थानीय तहको प्रमुख उद्देश्य राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विशेषताहरु समेट्नु र उजागर गर्नु पनि भएको हुनाले यो राष्ट्रिय पाठ्यक्रमको पुरक पाठ्यक्रम पनि हो (www.onlinemajdoor.com) ।

नेपालमा स्थानीय पाठ्यक्रमको नीति र अभ्यासलाई हेर्दा नेपालको संविधानको धारा ३१ मा शिक्षा तथा भाषा तथा संस्कृति सम्बन्धि मौलिक हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच, मातृभाषामा शिक्षा पाउने तथा मातृभाषा प्रयोग गर्ने, सांस्कृतिक जीवनमा सहभागी हुने, भाषा, लिपी,

सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने कुरा उल्लेख गरिएको छ (नेपालको संविधान, २०७२) ।

सवैका लागि शिक्षाको डकार कार्यढाँचामा ६ वटा लक्ष्यहरु उल्लेख गरिएको भएतापनि नेपालले सवैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना तर्जुमा गर्दा आफ्नो राष्ट्रिय सन्दर्भ (जातीय, सामाजिक र भाषिक विविधता) लाई मध्यनजर गरि अर्को एउटा थप लक्ष्य समावेश गरेर जम्मा सातवटा लक्ष्य कायम गरेको थियो, जुन लक्ष्य यस प्रकार रहेको छ :– आदिवासी, जनजाती र भाषिक, अल्पसंख्यक समुदायका लागि मातृभाषामा आधारभूत तथा प्राथमिक शिक्षा प्राप्त गर्न पाउने सुनिश्चित गर्ने (सवैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना २००३, पृष्ठ नं. ४ र ५) ।

२००३–२००८ सम्म सञ्चालित सवैका लागि शिक्षा र माध्यमिक शिक्षा सहयोग कार्यक्रमले दश देखि प्रन्ध्र प्रतिशत सम्म स्थानीय पाठ्यक्रममा जोड दिएको थियो । विद्यालय क्षेत्र सुधार तथा विद्यालय क्षेत्र विकास कार्यक्रमले स्थानीय पाठ्यक्रम विकास र सुधारमा जोड दिएको छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम २०६० को दीर्घकालिन सोचमा स्थानीय सीप, व्यवसाय, पेशा, स्रोत साधनको महत्व र आवश्यकता पहिचान गरि विकास गर्न पाठ्यक्रममा स्थानीय विषयवस्तुलाई स्थान दिने उल्लेख गरिएको छ । प्राथमिक तहमा मातृभाषाको पठनपाठन गराउन नसकिने विद्यालयहरुमा स्थानीय तहका लागि उपयोगी पेशा, व्यवसाय, सीप र प्राविधिक विषयहरु जस्तो माटोको काम, धातु, काठ, ऊन, राडिपाखी, चोयाको काम, कागजको काम, करेसाबारी, फलफूल, तरकारी खेती आदि स्थानीय विषय छनौट गरि पठनपाठन गराउन सकिने र सामाजिक अध्ययन, सिर्जनात्मक तथा शारीरिक क्रियाकलाप विषयको २० प्रतिशत पाठ्यभारको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालय आफैले निर्माण गर्न सक्नेछ भनि उल्लेख गरिएको छ (www.edukhabar.com)।

नेपालको पाठ्यक्रम विकासको क्षेत्रमा स्थानीय पाठ्यक्रमलाई विभिन्न नीति तथा अभ्यास र कार्यक्रममा समेटेको भएपनि स्थानीय तहलाई पाठ्यक्रम निर्माण गर्नु नै चुनौति रहेको छ । स्थानीय तहमा निर्वाचित अंधिकाश जनप्रतिनिधिलाई स्थानीय पाठ्यक्रम आफुले नेतृत्व गर्दै आएको पालिकाले बनाउन सक्छ भन्ने जानकारी छैन । कतिपय स्थानीय तहले यो अधिकारको अभ्यास गर्न खोजेकै अवस्थामा पनि पाठ्यक्रम कसरी बनाउने र के–के विषय कसरी समेट्नुपर्छ भन्ने कुराको प्राविधिक ज्ञान नहुँदा पनि यो त्यतिकै अन्योलमा रहेको छ । त्यसैले अधिकांश विद्यालयमा स्थानीय पाठ्यक्रमको

रुपमा ऐच्छिक अंग्रजी, कम्प्युटर जस्ता विषयहरु अध्ययन अध्यापन गराउदै आएको पाइन्छ । त्यसैले स्थानीय पाठ्यक्रम निर्माणमा देखिएका यस्ता चुनौति र समस्याहरुलाई निराकरण गर्नका लागि स्थानीय पाठ्यक्रम निर्माणको सम्बन्धमा खोज तथा अध्ययन अनुसन्धान गर्नु आवश्यक छ ।

## १.२ समस्याको कथन

स्थानीय स्तरमा स्थानीय आवश्यकताका विषयवस्तुहरु समेटी स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गर्नु चुनौति पूर्ण रुपमा मानिएको छ । सरकारका नीति तथा कार्यक्रमहरुमा स्थानीय पाठ्यक्रमको विषयलाई समेटेको भएतापनि औपचारिक रुपमा नीति नियममै मात्र सीमित भएर रहेको देखिन्छ । स्थानीय पाठ्यक्रमको कार्यन्वयनको त कुरै छोडौ यहाँ कतिपय स्थानीय तह स्थानीय पाठ्यक्रम निर्माणको अवस्थामा नै अलमलिएको देखिन्छ । स्थानीय पाठ्यक्रम निर्माणका लागि दक्ष, सीपयुक्त जनशक्तिको अभाव, स्थानीय सरोकारवालाहरुको यस प्रति अनविज्ञता जस्ता समस्याहरुले स्थानीय पाठ्यक्रमको विषयमा अन्योल रहेको र केहि स्थानीय तहले स्थानीय पाठ्यक्रमको ठाँउमा ऐच्छिक अंग्रेजी, कम्प्युटर जस्ता विषयहरु अध्ययन अध्यापन गराइरहेको हुदाँ के कारणले गर्दा यस्तो समस्या आएको छ । त्यसलाई पहिचान गरि निराकरणका उपायहरु पत्ता लगाउनु आवश्यक भएकोले यस सम्बन्धि अध्ययन अनुसन्धान गर्न एकदमै जरुरी रहेको छ । यस समस्यालाई निराकरण गरि स्थानीय स्रोत साधनको परिचालन गरि स्थानीय सरोकारवालाहरुको उपस्थितिमा सीपयुक्त दक्ष जनशक्तिको निर्माण गरि स्थानीय क्षेत्रको विकास गर्नको लागि स्थानीय पाठ्यक्रम निर्माण गर्न आवश्यक भएकोले गर्दा यस विषयलाई अनुसन्धान समस्याको लागि छनौट गरिएको छ ।

हाम्रो देशको सन्दर्भमा अहिले शिक्षाको नयाँ संरचना अर्न्तगत ८ कक्षा सम्मलाई आधारभूत शिक्षा र ९ देखि १२ कक्षा सम्मलाई विद्यालय शिक्षा मानिएको छ । शिक्षामा आमूल परिवर्तनको वहस भइरहदा राज्यले विद्यालय शिक्षालाई स्थानीय तह अन्तर्गत रहने व्यवस्था गरेको छ । यसका साथै कक्षा १ देखि ८ सम्मको पाठ्यक्रम बनाउने अधिकार स्थानीय तहलाई दिएको छ । स्थानीय तहले आवश्यकता अनुसार १०० पूर्णाङ्कको पाठ्यपुस्तक निर्माण गरि पठनपाठन गर्न पाउने अटोनेमस अधिकार पाएका छन् । यस सन्दर्भमा स्थानीय तहको पाठ्यक्रम निर्माणको अवस्था कस्तो रहेको छ ?

यसमा के–कस्ता विषयवस्तु छनौट गर्न सकिन्छ ? भन्ने विषयमा अध्ययन अनुसन्धान हुन आवश्यक देखिन्छ (www.rajdhanidaily.com) ।

## १.३ अध्ययनको उद्देश्यहरु

कुनैपनि अध्ययन अनुसन्धानको आफ्नै उद्देश्य रहन्छ । त्यसैगरी यस अनुसन्धानमा पनि निम्न लिखित उद्देश्यमा आधारित रहेर अनुसन्धानात्मक कार्य अघि बढाइने छ :–

(क) स्थानीय पाठ्यक्रम निर्माणको अवस्था पहिचान गर्नु ।

(ख) स्थानीय पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुको भूमिका प्रस्ट्याउनु ।

(ग) स्थानीय पाठ्यक्रम निर्माणमा देखापरेका समस्या पत्तालगाई समाधानका उपायहरुको खोजी गर्नु ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरु

यस अनुसन्धानमा निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरु राखिएकोछ :–

(क) स्थानीय पाठ्यक्रम निर्माणको आधारहरु तथा अभ्यासहरु के–कस्ता भएका छन् ?

(ख) स्थानीय पाठ्यक्रम निर्माणमा नीतिगत व्यवस्था, प्राविधिक अवस्था र खर्चको व्यवस्थापन कस्तो छ ?

(ग) स्थानीय पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुको के कस्ता भूमिका रहन्छन् ?

(घ) स्थानीय पाठ्यक्रम निर्माणको अवस्थामा देखिएका समस्याहरु समाधान कसरी गर्न सकिन्छ ?

## १.५ अध्ययनको महत्व

विद्यालयस्तरको पाठ्यक्रममा स्थानीय स्तरका भाषा, संस्कृति, जनजीवन, भुगोल, इतिहास, स्थानीय कला सीप आदि विषय समेटेर शिक्षालाई अझ जीवनसँग जोड्ने बृहत प्रयोजन र स्थानीय तहका सरोकारवालाहरुलाई शिक्षाप्रति जिम्मेवार बनाउने अभिप्रायमा आधारित यो प्रावधान उपयोगी र दीर्घकालीन महत्वको हो । यसले आधारभूत तहका विद्यार्थीहरुलाई आफू जन्मेको हुर्केको परिवेशबारे जानकारी मात्र नदिइ त्यहाँका सांस्कृतिक, ऐतिहासिक, आर्थिक पक्षहरुको समेत जर्गेना गर्नेछ । साथै स्थानीय पाठ्यक्रम निर्माणकै क्रममा स्थानीय तहले आफ्नो विशेषताहरुको अध्ययन र अनुसन्धान गर्दा छायामा परिरहेका विषयवस्तुहरु पनि सतहमा आइ यसको व्यापक प्रचार–प्रसार र संरक्षण हुनेछ ।

यस अध्ययनबाट स्थानीय पाठ्यक्रम निर्माण गर्न खोजिरहेको तर अलमलमा परिरहेका स्थानीय तहलाई स्थानीय पाठ्यक्रम निर्माण गर्न मार्गदर्शन हुनेछ । स्थानीय पाठ्यक्रममा के–कस्ता विषयवस्तुहरु समेट्न सकिने छन् भन्ने कुराको जानकारी हासिल गर्न सहयोग मिल्नेछ । त्यसरी नै स्थानीय पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुलाई आ–आफ्नो भूमिकाको बोध गराउन र जीम्मेवार बन्नका लागि प्रोत्साहन मिल्नेछ । यस अध्ययनको सहयोगबाट भविष्यमा स्थानीय पाठ्यक्रम सम्बन्धि अध्ययन अनुसन्धान गर्नेहरुको लागि पनि आवश्यक जानकारी उपलब्ध गर्नको लागि महत्वपूर्ण स्रोतको रुपमा सहयोगी हुनेछ ।

## १.६ अध्ययनको परिसीमा

देशको भौगोलिक सांस्कृतिक सामाजिक विविधता अनुसार स्थानीय विविधतालाई समेट्ने गरि पाठ्यक्रम बनेका छन् कि छैनन् ? भनेर स्थानीय पाठ्यक्रम निर्माणको अवस्थालाई देशभर व्यापक रुपमा अध्ययन अनुसन्धान गर्न आवश्यक भएतापनि स्रोत, साधन र समयको अभावमा यस अध्ययन कार्यलाई निम्न परिधिभित्र मात्रै सीमित गरिएको थियो ।

(क) यो अध्ययन प्रदेश नं. १ को १३७ वटा स्थानीय तहमध्ये मोरङ्ग जिल्लाको उर्लाबारी नगरपालिकाको विद्यालयमा सीमित गरिएकोछ ।

(ख) यस अध्ययन शैक्षिक वर्ष २०७६ /०७७ मा सिमित गरिएको छ ।

(ग) यस अध्ययनको तथ्याङ्क स्थानीय जनभावनाहरु सँग सम्बन्धित भएकोले यस बाट प्राप्त निष्कर्षलाई सामान्यीकरण गर्न सकिने छैन ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणत्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

पाठ्यक्रमको सैद्धान्तिक विकासक्रमलाई हेर्दा पाठ्यक्रमका सन्दर्भमा विभिन्न विचारधाराहरुको उत्पति भएको पाइन्छ । ति विचार धाराहरुले पाठ्यक्रम निर्माणको लागि निर्देशन त गर्दछन् तर तिनिहरुबीच नै विवाद रहेको कारणले गर्दा पाठ्यक्रमका अभ्यासकर्ताहरुलाई नविन रुपमा अगाडि बढाउन र समाजलाई नयाँ रुपमा लैजान पनि सहयोग गर्दछ । कार्लमाक्सको सिद्धान्तमा आधारित रहेर हेर्दा जहाँ विवाद उत्पन्न हुन्छ त्यहाँ द्वन्द्व सृजना हुन्छ । द्वन्द्वले समाजलाई अगाडि बढाउन नयाँ दिशा प्रदान गर्दछ । त्यसर्थ पाठ्यक्रमले पनि द्वन्द्व र अस्थिरतालाई आफ्नो मानक बनाउनु पर्दछ । पाठ्यक्रम समाजको आवश्यकतामा आधारित हुनुपर्दछ ।

जोन डिवेले पाठ्यक्रमको सुरुवात समाजबाट गरिनुपर्ने कुरामा जोड दिदै सामाजिक आवश्यकता, बालकेन्द्रित सिद्धान्त, प्रजातान्त्रिक शिक्षा प्रणाली, सहभागिता र खोजमा आधारित शिक्षणविधि, स्वतन्त्र शिक्षा आदिको व्याख्या गरेका छन् (खनाल, २०६८) ।

टावाका अनुसार पाठ्यक्रम विकास प्रक्रियामा पाठ्यक्रम कार्यान्वयन गर्ने व्यक्तिको उपस्थिति अनिवार्य रुपमा हुनु पर्दछ किनकि उनीहरुलाई कक्षाकोठाको वास्तविकताका बारेमा बढी ज्ञान हुन्छ । शिक्षकको उपस्थितिमा कक्षा कोठामा निहित वास्तविकताहरुलाई प्रतिबिम्बित गर्न सक्ने खालको पाठ्यक्रम निर्माण गरेका खण्डमा उक्त पाठ्यक्रम बढी सान्दर्भिक हुन्छ र यस्तो पाठ्यक्रमले अपेक्षित सफलता पनि प्राप्त गर्न सक्छ तथा स्कीलवेकको नमुनाले वालकरको नमुनाले जस्तै पाठ्यक्रम निर्माताहरुले पाठ्यक्रम विकासको प्रारम्भ जुनसुकै चरणबाट गर्न सक्छन् र उनीहरु जुनसुकै क्रममा अगाडि बढ्न सक्छन् भन्ने तर्क अगाडि सारेको छ (निउरे, २०७१) ।

स्थानीय पाठ्यक्रम उत्तरआधुनिक दर्शनबाट प्रभावित रहेको छ । वर्तमान समाजका विश्वास र अभ्यासहरु तत्कालै रुपान्तरण हुन सक्छन् । क्षणिक र अस्थिर स्वरुप नै उत्तरआधुनिकता वाद हो । यस दर्शन अनुसार पाठ्यक्रम लचिलो हुनुपर्दछ । पूर्वनिर्धारित पाठ्यक्रमको कुनै अर्थ छैन । पाठ्यक्रमले सन्दर्भ परिस्थिति अनुसारको स्थानीय विषयवस्तुलाई समेट्न सक्नुपर्दछ भन्ने कुरालाई मान्यता दिन्छ ।

उत्तरआधुनिक सिद्धान्त निर्माणको कुनै निश्चित दिशा छैन । यो जतातिर पनि मोडिन सक्छ । त्यस्तै समाजको कुनै पनि स्वरुप, सांस्कृतिक, शक्ति, ज्ञान, वौद्धिकता आदि स्थिर र समान छैनन् । त्यसर्थ उत्तरआधुनिक सिद्धान्तले केन्द्रिकरणलाई नकार्ने विकेन्द्रिकरणमा जोड दिने गर्दछ । यसरी हेर्दा स्कीलवेकद्वारा प्रस्तुत पाठ्यक्रम विकासको स्कीलवेक नमुनाको सिद्धान्तसँग स्थानीय पाठ्यक्रम विकास प्रक्रिया निकट रहेको हुदाँ यसलाई आधार लिई अगाडि बढ्न आवश्यक देखिन्छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

स्थानीयस्तरका विषयवस्तुहरु समावेश गरि विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको शैक्षणिक सामग्री नै स्थानीय पाठ्यक्रम हो । यसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरुलाई समेट्छ र तिनीहरुलाई विद्यालयको नियमित कार्यक्रम अनुरुप कक्षा कोठामा पुऱ्याँउछ । यसमा विशेष गरि स्थानीय स्तरका प्राकृतिक, सांस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेशा, व्यवसाय र विपद् व्यवस्थापन आदि सँग सम्बन्धित विषयवस्तुहरु समावेश गर्न सकिन्छ (हाम्रो बुढानिलकण्ठ) ।

स्थानीय तहलाई पाठ्यक्रम निर्माण गर्न दिनुको अर्थ भिन्न स्वरुप र सामर्थमा रहेको समाजको आवश्यकता अनुसार विषयवस्तुको छनौट गरि पाठ्यक्रम निर्माण गर्नका लागि हो । यस अर्थमा स्थानीय पाठ्यक्रम निर्माण गर्दा सम्बन्धित ठाँउको आवश्यकता, व्यक्ति तथा समाजको चाहनाका साथै समय सापेक्ष जीवनोपयोगी शिक्षा प्रदान गर्न सकिने पाठ्यक्रमको आवश्यकता पर्दछ । त्यसर्थ स्थानीय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तुको छनोट गर्दा व्यक्ति, समाज र समग्र राष्ट्रका लागि उपयोग हुने व्यवहारिक तथा जीवन उपयोगी विषयवस्तुको छनोट आवश्यक हुन्छ (www.rajdhanidaily.com) ।

स्थानीय तहमा पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धि तालिम सञ्चालन गर्नुपर्ने र स्थानीय तहमा विद्यालय, शिक्षक, स्रोत व्यक्तिहरुलाई र अन्य क्षेत्रका व्यक्तिहरुलाई स्थानीय पाठ्यक्रम कार्यान्वयनमा आवश्यक तालिम सञ्चालन गरि सक्षम बनाउदा राम्रो हुन्छ । स्थानीय तहमा विशेष गरि

पाठ्यक्रम निर्माण तथा कार्यान्वयनगर्नका लागि संस्थागत संयन्त्र निर्माण गनुपर्ने र सरोकारवालाहरुको सहभागितामा व्यापकता ल्याउनुपर्ने (अधिकारी, प्रतिवेदन, २०७१) ।


देशका हजारौ विद्यार्थी बर्सेनि पाठ्यक्रम विषयमै अध्ययन गर्छन् । विभिन्न विश्वविद्यालय अर्न्तगत शिक्षाशास्त्र सङ्कायका ती विद्यार्थीलाई यसमा परिचालन गर्नु धेरै कोणबाट उपयोगी हुनेछ । विज्ञ प्राध्यापकको निर्देशनमा शिक्षाशास्त्र सङ्कायका विद्यार्थीले स्थानीय पालिकाहरुका लागि उपयुक्त पाठ्यक्रम बनाउन अभ्यासको थालनी गर्न सके एकातिर स्थानीय तहले पाठ्यक्रम पाउनेछन् भने अर्कोतिर कक्षाकोठाको चौघेराभित्र सीमित शिक्षाशास्त्रको अध्ययनलाई देशहितमा प्रयोग गर्न सकिनेछ (www.onlinemajdoor.com) ।

विषयवस्तुको ज्ञानलाई जोड दिने विषयकेन्द्रित पाठ्यक्रम र सिकारुका रुची, इच्छा, आवश्यकतामा केन्द्रित हुने सिकारु केन्द्रित पाठ्यक्रम भन्दा माथि उठेर समस्या केन्द्रित पाठ्यक्रमले विद्यार्थीहरुलाई समसामयिक सामाजिक सवालहरु जस्तै द्वन्द्व, सामाजिक विभेद, वैचारिक विभेद, जातीय छुवाछुत, आर्थिक अनियमितता र भ्रष्टाचार जस्ता समस्याहरु हटाई समाजलाई सचेत र सिर्जनशील बनाउन जोड दिने काम समस्याकेन्द्रित पाठ्यक्रमले गर्दछ । यस पाठ्यक्रम ढाँचाले सबै विद्यार्थीहरुले अनिवार्य रुपमा सिक्नुपर्ने साझा विषयवस्तुलाई बढी प्राथमिकता दिन्छ । तर सामाजिक समस्याको प्रकृतिको आधारमा यस किसिमको पाठ्यक्रमको ढाँचाको क्षेत्र निर्धारण हुने गर्दछ (अधिकारी, २०७५) ।

## २.३ पुनरवलोकनको उपादेयता

अनुसन्धान गर्नु अगाडि गरिएको सम्बन्धित साहित्यको पुनरवलोकनले यस अध्ययनको लागि विषयवस्तुको जानकारी प्राप्त गर्न, यस क्षेत्रमा रहेको खोज र अनुसन्धानहरु के–कस्तो अवस्थामा रहेको छ । यस विषयवस्तुसँग सम्बन्धित सिद्धान्तहरुलाई आफ्नो विषयवस्तुमा सामान्यिकरण गर्न मद्दत पुर्‍याएको छ ।

## २.४ अवधारणात्मक ढाँचा




माथिको अवधारणात्मक ढाँचा मा स्थानीय पाठ्यक्रम निर्माणका आधारहरु, सरोकारवालाका भूकिाहरु र यसको निर्माणमा देखिएका समस्या र चुनौतिहरु बीचमा प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध रहन्छ, भन्ने कुरालाई प्रस्तुत गरिएकोछ ।

# परिच्छेद तीन : अध्ययनको विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

यस अध्ययनको लागि गुणात्मक अनुसन्धान विधिको ढाँचामा रहेर गरिनेछ । गुणात्मक अनुसन्धान भन्नाले अनुसन्धानकर्ताले वस्तु, प्रक्रिया, समस्या तथा घटनाहरुलाई यथास्थितिमा वा तिनिहरुको प्राकृतिक अवस्थामा नै गरिने अनुसन्धान हो ।

यस अध्ययनमा अन्तर्वाताद्वारा प्राप्त तथ्याङ्कहरुमा मानिसहरुको अनुभव, विचार, धारणा र ज्ञानलाई खुल्ला अर्न्तवार्ता, प्रश्नावली, छलफल, आदिका माध्यमबाट प्रत्यक्ष वाक्यांश कै रुपमा संकलन गरि समावेश गरिने भएकोले यो अध्ययन गुणात्मक ढाँचामा रहेर गरिएको थियो ।

## ३.२ जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति

यस अध्ययनको लागि प्रदेश नं. १ को १४ वटा जिल्ला मध्ये मोरङ्ग जिल्लाको उर्लाबारी नगरपालिकालाई स्थानीय पाठ्यक्रम सम्बन्धित अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको हुदाँ यस पालिका क्षेत्र यस अध्ययनको जनसङ्ख्याको रुपमा रहेको छ ।

उर्लाबारी न.पा. को २२ वटा सामुदायिक विद्यालय मध्ये ५ वटा विद्यालयका प्र.अ. ५ जना, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी ५ जना, विद्यार्थीहरु ६ जना, ६ जना अभिभावक, २ जना कृषि व्यवसायी गरि जम्मा २४ जनालाई नमुना जनसंख्याको रुपमा लिइएको थियो ।

यस अध्ययनको लागि नमुना छनौट गर्दा गुणात्मक अनुसन्धानमा प्रयोग हुने नमुना छनौट विधि अन्तर्गत उद्देश्यमूलक र सुविधाजनक विधिको प्रयोग गरि नमुना छनौट गरिएको थियो । जस्मा भौगोलिक, विषयवस्तुको व्यापकता, तथ्याङ्कको उपलब्धता, सहजता, शैक्षिक विशिष्टता आदि कुराहरुमा ध्यान दिएर नमुना छनोटको रणनीति तय गरिएको थियो ।

## ३.३ अध्ययनको क्षेत्र

प्रदेश नं. १ को १४ जिल्ला मध्ये मोरङ्ग जिल्लाको उर्लाबारी नगरपालिकालाई यस अध्ययनको क्षेत्रको रुपमा छनौट गरिएको थियो ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका

प्र.अ., शिक्षक, स्रोत व्यक्ति, विद्यार्थी, उद्योग व्यवसायी, नगरपालिकाका पदाधिकारीहरु, स्थानीय जनप्रतिनिधिहरु, स्थानीय सरोकारवालाहरु तथा बुद्धिजिविहरुलाई निम्न साधन प्रयोग गरिएको थियो । जसलाई अनुसूचीमा प्रस्तुत गरिएको छ ।

१. अन्तर्वाता प्रश्नावली

२. समुह छलफल

३. अभिलेख अध्ययन

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

अध्ययनको उद्देश्यसँग सम्बन्धित वैद्यतालाई प्राप्त गरि आवश्यक सुचना संकलन गर्न अध्ययनकर्ता स्वयं छनौट स्थलमा गई अध्ययन कार्य गर्न विभागको पत्र प्रस्तुत गरि प्र.अ., शिक्षक, नगरपालिकाका पदाधिकारीहरु, स्रोत व्यक्ति, विद्यार्थी, उद्योग व्यवसायी, वित्तिय संस्थाका प्रतिनिधिहरु, स्थानीय जनप्रतिनिधिहरु, स्थानीय सरोकारवालाहरु तथा बुद्धिजिविहरुलाई अध्ययनको उद्देश्यलाई दर्शाउदै विश्वासमा लिइयो । अध्ययनको उद्देश्य प्रष्ट पार्दै माथि उल्लेखित विधि र प्रक्रियाका साधनको आधारमा सुचना संकलन गरिएको थियो ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

यस अध्ययनमा तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया अनुसन्धानको गुणात्मक ढाँचा र विधिमा रहि अन्तर्क्रियात्मक मोडेल अनुसार क्रमशः तथ्याङ्क सङ्कलन, तथ्याङ्क प्रदर्शन, तथ्याङ्क घटाउने, निष्कर्ष निकाल्ने र प्रमाणित गर्ने तौरतरिका लाई अपनाइएको छ ।

# परिच्छेद चार : नतिजा र छलफल

## ४.१ स्थानीय पाठ्यक्रम निर्माणको अवस्था

स्थानीय पाठ्यक्रम स्थानीय सरोकारवालाहरुको संलग्नतामा स्थानीय विषयवस्तुहरुलाई समेटी तयार पारिन्छ । जसमा केन्द्रिय तहले समेट्न नसकेको स्थानीय तहका जल्दावल्दा विषयवस्तुहरु आवश्यकताका आधारमा पहिचान गरि समेट्नु पर्दछ । स्थानीय व्यक्तिहरुलाई सक्रिय बनाइ यसको निर्माण प्रक्रियालाई व्यवस्थित ढंगले अगाडि बढाउन शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, समाजसेवी, बुद्धिजीवि, स्थानीय सरकारी निकायका प्रतिनिधि सम्मिलित एक समिति बनाउन सकिनेछ र समितिले आवश्यक ठानेमा बाहिरबाट विशेषज्ञ तथा प्राविधिक सहयोग समेत माग्न सकिने व्यवस्था रहेको छ । स्थानीय पाठ्यक्रम निर्माणको लागि नेपालमा संवैधानिक व्यवस्थामा र विभिन्न नीति नियम तथा अभ्यासहरु हुदै आएतापनि केहि स्थानीय तहले मात्र पाठ्यक्रम निर्माण गर्न सकेको र बाँकी स्थानीय तहहरु यस विषयमा कुइरोको काग झैं अलमलमा परिरहेको अवस्था छ । यसै सन्दर्भमा यस अनुसन्धानको क्षेत्रमा पनि स्थानीय पाठ्यक्रम निर्माणमा अन्योलता देखापरेको छ । स्थानीय पाठ्यक्रम निर्माणको पक्षलाई अझ नजिकबाट निम्न तालिकाले स्पष्ट पार्दछ ।

तालिका १ : स्थानीय पाठ्यक्रम निर्माणको आधार

| सि.नं. | स्थानीय पाठ्यक्रम निर्माणको आधार |
|---|---|
| १ | समकालिन समाज |
| २ | स्थानीय सिप |
| ३ | स्थानीय संस्कृति र भूगोल |
| ४ | स्थानीय आवश्यकता |

स्रोतः स्थलगत अध्ययन, २०७७

### ४.१.१ समकालिन समाज

स्थानीय पाठ्यक्रम निर्माण गर्दा समाजका जल्दा बल्दा विषयवस्तुहरु समेटेर निर्माण गरिने भएकोले पनि यस पाठ्यक्रम निर्माणको मुख्य आधार समकालिन समाजलाई लिनु पर्ने यहाँका स्थानीय सरोकारवालाहरु बताउछन् । समाजका आवश्यकताहरु जहिले पनि गतिशील रहने एक पछि अर्को आवश्यकताहरु जन्मदै जाने विश्वव्यापीकरण सँगसँगै समाजका आवश्यकताहरु पनि परिवर्तनशील हुने हुँदा पाठ्यक्रमका विषयवस्तुहरु पनि सधै स्थिर नभइ समकालिन समाजका आवश्यकताहरुलाई पुरा गर्ने गरी यो पनि परिवर्तनशील र लचकतायुक्त र स्थानीय परिवेश अनुसारको बनाउन जरुरी रहेको बताउछन् । त्यसर्थ स्थानीय पाठ्यक्रम निर्माण गर्ने एउटा महत्वपूर्ण आधार समकालिन समाज रहेको कुरा यस अनुसान्धानको क्रममा व्यक्त भएकोछ ।

### ४.१.२ स्थानीय सीप

स्थानीय पाठ्यक्रम स्थानीय स्तरमा निर्माण गरिने पाठ्यक्रम हो यसले स्थानीय सीपहरुको विकास, सम्वर्धन र संरक्षण गर्नको लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । स्थानीय स्तरमा महत्वपूर्ण रहेका तर राष्ट्रिय स्तरमा ओझेल परेका स्थानीय प्रकृतिका मौलिक सीपहरु स्थानीय पाठ्यक्रममा समावेश गर्न सकिन्छ भन्ने कुरा यस क्षेत्रका स्थानीय व्यक्तिहरुको भनाइ रहेको छ । जसले गर्दा स्थानीय प्रकृतिका सिपहरु युवा पुस्ताहरुले पनि सिक्ने यसको संरक्षण गर्दै, यसबाट आय आर्जन तथा मुनाफा लिदै स्थानीय स्तरमै आर्थिक बृद्धि गर्ने अवसर प्राप्त हुन्छ । त्यसैले स्थानीय सीपहरुलाई पनि स्थानीय पाठ्यक्रम निर्माणको आधारका रुपमा लिनु पर्ने स्थानीय बुद्धिजीवि बताउछन् ।

### ४.१.३ स्थानीय संस्कृति र भूगोल

नेपाल एक भौगोलिक र सांस्कृतिक विविधताले भरिपूर्ण भएको देश हो । नेपाल चार वर्ण छत्तिस जातको साझा फूलबारी हो भन्ने उपनाम पृथ्वीनारायण साहले पनि दिएका छन् । नेपालको पूर्व मेची देखी पश्चिम महाकाली सम्म विभिन्न जात जातिहरुको आ–आफ्नै भाषा, संस्कृति, चालचलन र रितिरिवाज रहेको छ । त्यसर्थ स्थानीय पाठ्यक्रम निर्माण गर्दा यस्ता स्थान विशेषका विविध संस्कृतिलाई सम्बोधन गर्न सक्ने गरी पाठ्यक्रमका विषयवस्तुहरु छनौट गर्नु पर्दछ । जस्ले गर्दा सबै

जात जातिका स्थानीय भाषा, संस्कृतिहरुको संरक्षण हुने र यसले नेपालको बहुजाती, बहुसंस्कृतिको पहिचानलाई विश्वसामु चिनाउन सक्ने अवसर प्रदान गर्दछ भने अर्कोतिर भौगोलिक विविधतालाई समेत समेटेर स्थानीय पाठ्यक्रम निर्माण गर्नु आवश्यक रहेको हुन्छ भन्ने मनासय रहेको छ । हिमाली क्षेत्रको आवश्यकता र समस्यालाई तराई क्षेत्रमा निर्माण गरिएको पाठ्यक्रमले सम्बोधन गर्न सक्दैन । हिमाली क्षेत्रमा पाइने जडीबुटी, त्यहाँको संस्कृति र भेषभुषाहरु तराई र पहाडी क्षेत्रका भन्दा भिन्नै रहेका छन् । त्यसर्थ त्यस ठाँउको प्राकृतिक, सांस्कृतिक स्रोत तथा संम्पदाहरुलाई परिचालन गर्न र त्यसको संरक्षण गर्नको लागि त्यहाँको आवश्यकता अनुसार स्थानीय पाठ्यक्रम निर्माण गरिनुपर्दछ । पहाडी र तराई क्षेत्रका विशेषताहरु, आवश्यकताहरुलाई सम्बोधन गर्नका लागि त्यहीको परिवेश अनुसारको पाठ्यक्रम निर्माण गरिनुपर्दछ । त्यसैले यस क्षेत्रमा पनि स्थानीय पाठ्यक्रम निर्माणको लागि स्थानीय संस्कृति र भूगोल जस्ता महत्वपूर्ण आधारहरुलाई ख्याल गरिनुपर्दछ भन्ने कुरा यस अध्ययन क्षेत्रका सरोकारवालाहरुको भनाई रहेको छ ।

### ४.१.४ स्थानीय आवश्यकता

स्थानीय पाठ्यक्रम विशेषतः स्थानीय आवश्यकताहरुलाई नै पाठ्यक्रमका विषयवस्तुहरुमा समावेश गरी आवश्यकता पुरा गर्नको लागि निर्माण गरिने पाठ्यक्रम भएकोले यो पाठ्यक्रम स्थानीय आवश्यकताका विषयवस्तुमा केन्द्रित रहेर निर्माण गरिनुपर्ने सुझाव स्थानीय सरोकारवालाहरुको रहेकोछ । त्यसैले स्थानीय आवश्यकताका विषयवस्तुहरु स्थानीय पाठ्यक्रमको प्रमुख आधारको रुपमा रहेको हुन्छ ।

स्थानीय पाठ्यक्रम निर्माणको अवस्था लाई विभिन्न दृष्टिकोणबाट हेर्नेक्रममा यसलाई तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

तालिका २ : स्थानीय पाठ्यक्रम निर्माणको अवस्था

| सि.नं. | स्थानीय पाठ्यक्रम निर्माणको अवस्था |
|---|---|
| १ | नीतिगत अवस्था |
| २ | अभ्यासको अवस्था |
| ३ | धारणगत अवस्था |
| ४ | प्राविधिक अवस्था |

स्रोत : स्थलगत अध्ययन, २०७७

## ४.१.५ नीतिगत व्यवस्था

स्थानीय पाठ्यक्रम विकेन्द्रीकृत शैक्षिक व्यवस्थापनका सिद्धान्तहरुमा आधारित हुन्छ । स्थानीय तहका ज्ञान, सीप, दक्षता, कला, संस्कृति, पेसा, व्यवसाय आदिलाई स्थानीय पाठ्यक्रमले समेटेको हुन्छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेश समेतको विश्लेषण गर्दा लोकतान्त्रिक खुला, समावेशी, सन्तुलित समाज र राष्ट्रिय आवश्यकता पूरा गर्ने, जीवनोपयोगी काममा आधारित सिद्धान्तहरुबाट प्रेरित पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो भन्ने स्थानीय सरोकारवालाहरुको भनाइ रहेको छ ।

स्थानीय तहका आवश्यकता र समस्याहरु समाधान गर्न स्थानीय व्यक्तिहरुकै संलग्नतामा स्थानीय पाठ्यक्रम निर्माण गर्ने नीतिलाई आत्मसाथ गरिएको भएतापनि यस क्षेत्रमा स्थानीय पाठ्यक्रम निर्माण हुन सकिरहेको छैन । सँग सँगै स्थानीय पाठ्यक्रमले स्थानीय ज्ञान, सीप र प्रविधि जस्ता कुराहरुलाई प्राथमिकता दिनुपर्ने आवाजहरु पनि व्यापक रुपमा व्यक्त भएका छन् । यसै कुरालाई

आत्मसाथ गर्दै नेपालमा स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनको सवालमा स्पष्ट नीतिगत प्रावधान रहेको जस्मा विशेषत प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ मा राखिएका विषयहरुमध्ये सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयको ८० प्रतिशत पाठ्यवस्तु केन्द्रले र २० प्रतिशत पाठ्यवस्तु स्थानीय तहले छनोट गर्न सक्ने नीतिगत प्रावधान छ । प्राथमिक तहको सामाजिक अध्ययन विषयमा वार्षिक पाठ्यभारको २० प्रतिशत अंशले स्थानीय विषयवस्तुलाई समेट्नु पर्ने र स्रोतव्यक्तिको सहयोगमा शिक्षक स्वयम्ले पाठ्यक्रम बनाई पठनपाठन गर्नुपर्ने व्यवस्था छ । स्थानीय पाठ्यक्रम निर्माण गर्दा जिल्ला, स्रोतकेन्द्र र विद्यालय तहमध्ये कुनै पनि तहमा निर्माण गर्न सकिने नीतिगत प्रावधान छ । यदि जिल्लाभरिका स्थानीय आवश्यकता र समस्या भने जिल्लाभरिका विद्यालयका लागि स्थानीय पाठ्यक्रम निर्माण गर्ने काम जिल्ला समन्वय इकाइको समन्वयमा नै गर्न सक्छ । यदि कुनै स्थनीय तह भित्र स्थानीय चाहना र आवश्यकता समान छन् भने स्थानीय तहले आफ्नो क्षेत्रभित्रका विद्यालयका लागि एउटै स्थानीय पाठ्यक्रम निर्माण गर्न सक्छ । यदि प्रत्येक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुका स्थानीय आवश्यकता फरक–फरक छन् भने स्थानीय पाठ्यक्रम निर्माणको अगुवाइ विद्यालयले नै लिन सक्दछ । यस तवरले आधारभूत तहमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्नुपर्ने नीतिगत प्रावधान भएतापनि माध्यमिक तहमा भने यस किसिमको प्रावधान छैन । तथापी माध्यमिक शिक्षामा १० देखि १५ प्रतिशत पाठ्यभार स्थानीय आवश्यकतामा आधारित हुनुपर्ने कुरा उल्लेख भएको छ ।

शिक्षा कोरा किताबी ज्ञान मात्र दिने नभइ सीपमा आधारित पनि हुनुपर्दछ यस्तो शिक्षाले मात्र स्थानीय आवश्यकताहरु पुरा गर्न सक्दछ भने मात्र शिक्षा व्यवहारिक र कार्यमूलक बन्नजान्छ । यसका लागि शिक्षालाई विकेन्द्रित गर्दै जानुपर्दछ । स्थानीय स्वायत शासनका सिद्धान्त र नीतिहरु शिक्षाको विकेन्द्रीकृत प्रणालीमा पनि कार्यान्वयनमा ल्याउनु पर्दछ भनि स्थानीय पाठ्यक्रमको अवधारणा ल्याइएको हो भन्ने स्थानीय प्रतिनिधीको भनाइरहेको छ ।

यस परिवेशमा स्थानीय तहको पाठ्यक्रम निर्माण गर्न, स्थानीय माग र आवश्यकताको पहिचान गरि अनुकुल पाठ्यक्रम निर्माण गर्ने । राष्ट्रिय पाठ्यक्रमको ढाँचामा रही स्थानीय पाठ्यक्रम विकास गर्ने । स्थानीय तहका ज्ञान, सीपको विकास गरि व्यक्ति, समाज र राष्ट्रको विकासमा योगदान पुऱ्याउने । शिक्षाका क्षेत्रमा स्थानीय सरोकारवालाहरुको सहभागिता बृद्धि गराउने । विद्यार्थीहरुलाई जीवनउपयोगी सीपमा आधारित शिक्षा उपलब्ध गराउने । स्थानीय निकायलाई सक्षम र प्रभावकारी बनाउन आवश्यक

पर्ने, अधिकार जिम्मेवारी र स्रोतसाधन उपलब्ध गराई शिक्षाको विकासमा अग्रसर बनाउने नीतिहरु नै यस स्थानीय तहले अवलम्बन गर्ने हो भन्ने नगरपालिकाका कर्मचारीहरुको धारणा रहेको पाइन्छ ।

### ४.१.६ स्थानीय पाठ्यक्रम निर्माणको अभ्यास

नीतिगत रुपमा स्थानीय पाठ्यक्रमको निर्माणलाई प्राथमिकता दिइएतापनि व्यवहारिक रुपमा भने स्थानीय पाठ्यक्रमको अभ्यास खासै भएको पाइदैन । स्थानीय पाठ्यक्रको निर्माण र कार्यान्वयनका लागि प्राविधिक सहयोग प्रदान गर्ने उद्देश्यले पाठ्यक्रम विकास केन्द्रले स्थानीय पाठ्यक्रमका विविध नमुना सहित स्थानीय पाठ्यक्रम निर्देशिका २०६४, स्थानीय पाठ्यक्रम स्रोत तथा प्रशिक्षण सामग्री २०६७ तयार गरेको छ । तरपनि वर्तमान समयमा पाठ्यक्रम विकास केन्द्रद्वारा तयार गरिएको स्थानीय पाठ्यक्रम निर्देशिका तथा स्रोत तथा प्रशिक्षण सामाग्रीलाई अनुसरण गरि पूर्ण मात्रामा स्थानीय तथा विद्यालय तहमा पाठ्यक्रम निर्माण गरिएको पाइदैन । कतिपय विद्यालयहरुले पाठ्यक्रम विकास केन्द्रद्वारा मातृभाषामा तयार गरिएका विषयलाई नै स्थानीय पाठ्यक्रमको रुपमा अध्यापन गराइरहेका छन् । प्रायःजसो विद्यालयहरुले शारीरिक शिक्षा, सामाजिक शिक्षा र रचनात्मक कलाजस्ता विषयहरुमा नीतिगत प्रावधान अनुरुप २० प्रतिशत विषयवस्तु छनौट नगरी ८० प्रतिशत विषयवस्तु मात्र अध्यापन गराएको पाइन्छ ।

यसरी स्थानीय पाठ्यक्रमको निर्माणको अभ्यासलाई हेर्दा यस स्थानीय तहमा पाठ्यक्रम निर्माणको लागि कुनै पनि अभ्यास नभएको अवस्था छ । स्थानीय तहले स्थानीय पाठ्यक्रम निर्माणको लागि केन्द्रिय पाठ्यक्रमको ढाँचा अर्न्तगत रहेर स्थानीय पाठ्यक्रम निर्माणको अभ्यास गर्नु पर्ने हुन्छ । स्थानीय पाठ्यक्रम निर्माण गर्दा प्रबोधिकरण तालिम, जनसरोकारहरुको भेला देखिलिएर दक्ष जनशक्ति निर्माण गर्ने, तालिम दिने, समाजका आवश्यकताहरु पहिचान गर्न विभिन्न कार्यहरु गर्ने सर्भे संचालन गर्ने, जनभावनाहरु सङ्कलन गर्ने, विज्ञहरुको भेला बैठक राय सुझाव संकलन जस्ता कार्यहरुको अभ्यास गर्नु पर्ने हुन्छ । तर यस अध्ययन क्षेत्रमा यस स्थानीय तहले एक पटक भला आवहान बाहेक कुनै पनि कार्य अहिले सम्म नगरेको अवस्था रहेको छ ।

### ४.१.७ प्राविधिक अवस्था

पाठ्यक्रम निर्माण गर्ने कुरा त्यति सामान्य विषय होइन । पाठ्यक्रम निर्माण गर्दा राष्ट्रको आवश्यकता, समाजको आवश्यकता, बाल मनोनिज्ञान जस्ता विषयहरुलाई ध्यान दिएर पाठ्यक्रम निर्माण गर्नु एकदम जटिल विषयवस्तुको रुपमा रहन्छ । पाठ्यक्रम निर्माण गर्दा खेर बाल मनोविज्ञान सिकारुको क्षमता रुची, आवश्यकता र उनिहरुको स्तरलाई ध्यानमा राखेर पाठ्यक्रमका विषयवस्तुहरुको छनौट गर्नुपर्ने हुन्छ । पाठ्यक्रम निर्माण गर्ने व्यक्तिमा यी सबै कुराको ज्ञान हुन आवश्यक हुन्छ । त्यसर्थ पाठ्यक्रम निर्माण गर्नु अघि पाठ्यक्रम निर्माणका लागि आवश्यक पर्ने सबै कुरामा ज्ञान भएका विज्ञ प्राविधिकहरुको व्यवस्था गर्न आवश्यक रहन्छ । पाठ्यक्रम निर्माणमा यस्ता प्राविधिक कुराहरुमा ज्ञान नभइ निर्माण गरिएका पाठ्यक्रम ले सिकारुको इच्छा, आवश्यकता, चाहना जस्ता मनोविज्ञानका कुराहरुलाई समेट्न सकेको हुदैन भने अर्कातिर समाजको आवश्यकतालाई पनि यसले पूरा गर्न सक्दैन । त्यसर्थ स्थानीय पाठ्यक्रम निर्माणमा प्राविधिक पक्षको महत्वपूर्ण प्रभाव रहन जान्छ ।

यस अध्ययनको क्षेत्रमा स्थानीय तहले स्थानीय पाठ्यक्रम निर्माणको लागि त्यस्तो कुनै पनि प्राविधिकहरुको व्यवस्था गरेको देखिएन भने स्थानीय स्तरमै रहेका जनशक्तिहरुलाई पनि कुनै पनि तालिम प्रशिक्षणहरुको व्यवस्था गरेको छैन । स्थानीय पाठ्यक्रम निर्माणको लागि यस स्थानीय तहले प्राविधिक जनशक्तिको व्यवस्था गर्नुपर्ने र पाठ्यक्रम निर्माणमा चाँडो अघि बढ्नु पर्ने अवस्था छ ।

### ४.१.८ धारणागत अवस्था

स्थानीय पाठ्यक्रम निर्माणमा यस क्षेत्रमा बसोबास गर्ने मानिस तथा स्थानीय तहका कर्मचारीहरुको समेत धारणा लाई लिदाँ स्थानीय पाठ्यक्रम निर्माण गर्नु आवश्यक रहेको तर यस विषयमा कसरी र क–कस्ले कस्तो कार्य गर्नुपर्ने कुरामा अन्योल रहेको पाइयो । केहिले स्थानीय पाठ्यक्रमको कुरामा भन्दा नि ऐच्छिक विषय कम्प्युटर र अंग्रेजी मै जोड दिएको पाइएको ले पनि यस क्षेत्रमा स्थानीय पाठ्यक्रम निर्माणमा केहि ढिलाइ भएको पाइएको छ ।

## ४.२ स्थानीय पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुको भूमिका

स्थानीय पाठ्यक्रम निर्माणमा विद्यार्थी, शिक्षक र अभिभावक शिक्षाका तीन मुख्य तथा प्रत्यक्ष सरोकारवाला व्यक्तिहरु विद्यालय तहमा नै हुन्छन् । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घले प्रत्यक्ष रुपमा वा अप्रत्यक्ष रुपमा स्थानीय पाठ्यक्रम निर्माणमा सहयोग पुऱ्याउन सक्दछन् भन्ने धारणा यस क्षेत्रका सरोकारवालाहरुको रहेको छ ।

स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताका विषयहरु समेटेर निर्माण गरिने हुनाले स्थानीय सरोकारवालाहरुले नै यसमा चासो दिनुपर्ने हुन्छ । आफ्नो ठाँउ परिवेश, भूगोल, समाज र संस्कृति आदि कै विषयवस्तुहरु आवश्यकता अनुसार समेटेर यो पाठ्यक्रम निर्माण गर्नु पर्ने भएकाले स्थानीय क्षेत्रका विभिन्न व्यक्ति, संघ संस्थाहरु यसका सरोकारवाला हुन् । यिनीहरुले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा पाठ्यक्रम निर्माणमा भूमिका खेल्न सक्दछन् । आफूले जानेका सिप, कला र व्यवसायहरुका अनुभव र आफ्ना भोगाइहरु बताएर, आफ्ना उद्योग, व्यवसायहरुको कार्यस्थल भ्रमण गराएर, यसका फाइदा, समस्याहरु बारे जानकारी गराएर, आफ्नो समाजको संस्कृति चाडपर्वका बारेमा, धार्मिक, एतिहासिक महत्वका विषयवस्तुका बारेमा जानकारी दिएर र आफूलाई विज्ञको रुपमा प्रस्तुत गरेर उनीहरुसँग छलफल गर्ने, सिकाउने जस्ता कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् ।

### ४.२.१ विद्यालय व्यवस्थापन समिति

स्थानीय पाठ्यक्रम विकास देखि कार्यान्वयनसम्म देखिने समस्या र समाधानका बारेमा छलफल गरि सुझाव दिनका लागि विद्यालय व्यवस्थापन समितिले महत्वपूर्ण भूमिका खेल्न सक्दछन् । कुन–कुन विषयवस्तुलाई समेटेर पाठ्यक्रम निर्माण गर्दा स्थानीय क्षेत्रको आवश्यकताहरु परिपुर्ती हुन सक्दछ । यस विषयमा विद्यालय व्यवस्थापन समिति जागरुक भइ स्थानीय तहलाई आफ्नो क्षेत्रको पाठ्यक्रम निर्माण गर्न पहल गर्न सकिने विद्यालय व्यवस्थापन समितिहरुको धारणा रहेको छ । यसलाई तलको तालिकाले अझ स्पष्ट पार्दछ ।

तालिका ३ : विद्यालय व्यवस्थापन समितिको भूमिका

| सि.नं. | स्थानीय पाठ्यक्रम निर्माणमा विद्यालय व्यवस्थापन समितिको भूमिका |
|---|---|
| १ | नेतृत्वदायी भूमिका हुनुपर्ने |
| २ | उचित सल्लाह, सुझाव दिनसक्नुपर्ने |
| ३ | स्थानीय पुर्वाधारहरुको विकासमा योजना प्रस्तुत गर्ने |
| ४ | आफ्नो क्षेत्रका आवश्यकताको विषयहरु पहिचान गरी प्रतिवेदन बनाउने |

स्रोत : स्थलगत अध्ययन, २०७७

आफ्नो वरिपरिको परिवेशको अध्ययन गरि स्थानीय पाठ्यक्रममा समावेश गर्न सिफारिस गर्ने, विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनको पूर्वाधारहरुको व्यवस्थापन र रेखदेख गर्न विद्यालय व्यवस्थापन समितिको भूमिका उल्लेख्य रहन्छ भन्ने धारणा रहेको कुरा व्यक्त भएकोछ । स्थानीय क्षेत्रको विकासको लागि विद्यालय व्यवस्थापन समितिहरुको धारणा स्थानीय पाठ्यक्रम निर्माण गर्नको लागि आफूले नेतृत्व लिनुपर्ने र स्थानीय तहले पनि यस विषयको लागि आफूहरुसँग पनि छलफल गरी अगाडि बढ्नुपर्ने कुरा व्यक्त गरेका छन् भने कतिपय विद्यालय व्यवस्थापनका समितिहरु यस विषयमा अनविज्ञ रहेको अहिलेको परिवेशमा स्थानीय पाठ्यक्रम निर्माण चै गरिनुपर्ने हो तर यस विषयमा आफूहरुलाई त्यति ज्ञान नभएको बताउने गर्दछन् ।

### ४.२.२ नगरपालिका

नगरपालिका तहमा शिक्षा हेर्नका लागि नगर शिक्षा समिति रहेको हुन्छ । नगर क्षेत्रभरीका विद्यालयहरुको शैक्षिक गतिविधि रेखदेख, संचालन तथा सहजिकरण गर्नका लागि नगरपालिकामा छुट्टै शिक्षा शाखाको व्यवस्था रहेकोछ । यस शाखाले नगर क्षेत्रभरिका विद्यालयहरुको भौतिक तथा शैक्षिक व्यवस्थापन गर्ने, स्थानीय पाठ्यक्रम निर्माण गरेर लागु गर्ने पाठ्यपुस्तकका लागि स्वीकृति दिने कार्य गर्दछ । यसको भूमिकालाई तलको तालिकाले अझ स्पष्ट पार्दछ ।

तालिका ४ : नगरपालिकाको भूमिका

| सि.नं. | स्थानीय पाठ्यक्रम निर्माणमा नगरपालिकाको भूमिका |
|---|---|
| १ | सरोकारवालाहरुको भेला, बैठक गराउने |
| २ | स्थानीय आवश्यकता पहिचान गर्न सर्वेक्षणको व्यवस्था गर्ने |
| ३ | अभिमुखीकरण तथा प्रबोधिकरण कार्यक्रम संचालन गर्ने |
| ४ | आवश्यक ऐन, नियम र बजेटको व्यवस्थापनमा उचित निर्णय लिनुपर्ने |

स्रोत : स्थलगत अध्ययन, २०७७

नगरपालिकाले आफ्नो नगर क्षेत्र भरिका विद्यालयहरुको आवश्यकता एउटै भएमा नगरपालिका तहले पाठ्यक्रम निर्माण गरी लागु गर्न सक्ने प्रावधान आधारमा स्थानीय पाठ्यक्रम निर्माणको लागि

यस तहले नगर क्षेत्रभरिका आवश्यकता पहिचान गर्नका लागि सर्भे संचालन गर्ने, स्थानीय पाठ्यक्रमको विषयमा अभिमुखीकरण / प्रबोधिकरण कार्यक्रम संचालन गर्ने, सरोकारवालाहरु सहितको छलफल, भेला तथा बैठक गनुपर्ने, उनिहरुका राय सुझाव लिनुपर्ने जस्ता कार्यहरु गर्नुपर्ने देखिएकोछ । स्थानीय पाठ्यक्रम निर्माणको लागि बजेट बजेटको व्यवस्थापन, आवश्यक कर्मचारीहरु र दक्ष जनशक्तिहरुको व्यवस्था साथै पाठ्यक्रम निर्माण गर्नको लागि विज्ञ तथा प्राविधिकहरुको व्यवस्थापन नगरपालिका तहले गर्नुपर्ने भनाइ यस क्षेत्रका सरोकारवालाहरुको रहेको छ । तर यस अध्ययन क्षेत्रको नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माणको लागि प्रभावकारी कुनै पनि कार्यहरु अहिले सम्म गर्न नसकेको पाइन्छ । यस विषयमा नगरपालिकाका शिक्षा शाखाका पदाधिकारीहरुसँगको अर्न्तवार्तामा राज्यले राखेको संरचना अनुसार कार्य त गर्नुपर्ने हो तर विविध समस्या, कर्मचारी व्यवस्थापनमा समस्या रहेको धैरैजसो दरबन्दी खाली नै रहेको र सरकारी कर्मचारीहरु एउटा जाने र अर्को नयाँ आउने कार्यले गर्दा यस सम्बन्धी कुनैपनि कार्यहरु गर्न नसकेको जानकारी प्राप्त भयो । विद्यालय र प्रतिनिधिहरु सँग बैठक हुदाँ कहिले काँही स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्छ भन्नेकुरा चै आइरहेको जानकारीहरु प्राप्त भयो । स्थानीय पाठ्यक्रम निर्माणको लागि संघीय र प्रादेशिक ऐन, नीति, नियमहरु नबनेको र अनुगमन समेत हुने नगरेको हुदाँ बनेपछि  यस नगरपालिकाले पनि आवश्यक नियमहरु बनाएर पाठ्यक्रम निर्माण गर्ने भन्ने जस्ता धारणा रहेको थियो ।

### ४.२.३ शिक्षक

पाठ्यक्रमको वास्तविक कार्यान्वयनकार्ता, पाठ्यक्रमको उद्देश्य पूरा गर्ने गराउने, विद्यार्थीका व्यवहारहरुमा परिवर्तन ल्याउने बाहकका रुपमा शिक्षकहरुलाई लिइन्छ । शिक्षकहरु पाठ्यक्रम निर्माण, परिमार्जन र परिवर्तनका कारकहरुको रुपमा रहेको यस क्षेत्रका व्यक्तिहरुको भनाइ रहेकोछ । यसलाई तलको तालिकाले अझ स्पष्ट पार्दछ ।

तालिका ५ : शिक्षकको भूमिका

| सि.नं. | स्थानीय पाठ्यक्रम निर्माणमा शिक्षकको भूमिका |
|---|---|
| १ | स्थानीय पाठ्यक्रम विकासका लागि नेतृत्व लिन सक्ने व्यक्तित्व विकास गर्ने |
| २ | छलफलमा सक्रिय सहभागी हुने |
| ३ | पाठ्यक्रममा समावेश गर्न सकिने विषयहरुको छनौट र प्राथमिकरणमा अनुसन्धान गरी प्रतिवेदन प्रस्तुत गर्ने |
| ४ | स्थानीय पाठ्यक्रम निर्माणमा आफ्नो प्रभावकारी राय, सल्लाह र सुझावहरु दिने |

स्रोत : स्थलगत अध्ययन, २०७७

यसक्रममा शिक्षकका भूमिकाहरु के हुन सक्छन् भन्ने विषयमा केहि शिक्षकहरुसँग गरिएको छलफल कुराकानीमा शिक्षकहरुले पाठ्यक्रमका आवश्यकता पहिचान, विषयवस्तु छनोट, उद्देश्य निर्माण लगायतका सबै चरणहरुमा आवश्यक प्रतिक्रिया दिने राय सुझाव दिने प्रश्नावली, चेकलिस्ट, सर्वेक्षण फारम भर्ने, शैक्षिक सामग्री निर्माण गर्ने, शिक्षण प्रक्रियाहरु र मूल्याङ्कन प्रक्रियाहरुको निर्धारण गर्ने जस्ता कार्यहरुमा शिक्षकले नै योगदान दिनुपर्ने धारणा रहेको पाइएता पनि प्रभावकारी तालिमको अभावमा शिक्षकहरुको पूर्ण दक्षताको बृद्धि हुन नसकेकोले गर्दा केहि समस्याहरु देखिएको पाइन्छ ।

### ४.२.४ स्थानीय उद्योगी / व्यवसायी

स्थानीय उद्योगी, व्यवसायीहरु आफ्नो ठाँउमा भएका मौलिक पहिचानका व्यवसायीक कुराहरुलाई जोगाई राख्ने व्यक्तिहरु प्रमुख रुपमा आफुहरु नै भएको यस क्षेत्रका उद्योगी तथा व्यवसायीहरुको धारणा रहेकोछ । स्थानीय स्तरमा विभिन्न साना ठूला उद्योगी तथा व्यवसायीहरु हुन्छन् । उनीहरुले आफ्नो सिप, कला तथा संस्कृतिहरुलाई संरक्षण र सम्बर्धन गर्दै, उद्योग तथा व्यवसायहरु संचालन गरी त्यसबाट आएको मुनाफाले जीविकोपार्जन गरिरहेको उहाँहरु ब्ताउनु हुन्छ । स्थानीय स्तरमा रहेका यस्ता उद्योगी, व्यवसायीहरु स्थानीय पाठ्यक्रम निर्माणका लागि नमुना व्यक्तिहरु बन्न सक्छन् भने स्थानीय उद्योग, व्यापारहरु स्थानीय पाठ्यक्रमका विषयवस्तु बन्न सक्दछन् र स्थानीय पाठ्यक्रमको शिक्षण सामग्री, शिक्षण स्थलको रुपमा पनि यिनीहरुलाई प्रयोग गर्न सकिने कुरामा उहाँहरुको जोड रहेको पाइन्छ । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताका विषयवस्तुहरुलाई समेटेर निर्माण गरिने हुनाले स्थानीय स्तरका उद्योगी व्यवसायीहरु सम्बन्धित विषयका लागि विज्ञ व्यक्ति हुने हुदाँ तिनीहरुलाई कक्षाकोठामा विज्ञको रुपमा बोलाएर प्रत्यक्ष रुपमा सिकाउन सकिन्छ त्यसैले उद्योगी, व्यवसायीहरु स्थानीय पाठ्यक्रमका सरोकारवालाहरु प्रमुख पक्ष हुन भन्ने धारणा यस क्षेत्रका उद्योगी तथ व्यवसायीहरुको रहेकोछ । यसलाई तलको तालिकाले अझ स्पष्ट पार्दछ ।

तालिका ६ : उद्योगी, व्यवसायीहरुको भूमिका

| सि.नं. | स्थानीय पाठ्यक्रम निर्माणमा उद्योगी, व्यवसायीहरुको भूमिका |
|---|---|
| १ | स्थानीय पाठ्यक्रम निर्माणका सेमिनार, गोष्ठी तथा छलफलमा सहभागी हुने |
| २ | स्थानीय समुदायका विविध सिप तथा प्रविधिको आवश्यकताहरु पहिचान गरी प्रस्तुत गर्नुपर्ने |
| ३ | स्थानीय स्तरका सिप र व्यवसायहरु सिकाउन |
| ४ | स्थानीय पाठ्यक्रम निर्माणमा स्थानीय सिप र व्यवसायलाई समेटेर प्रभावकारी राय, सल्लाह र सुझावहरु दिने |

स्रोत : स्थलगत अध्ययन, २०७७

यस अध्ययनको सन्दर्भमा एक जना स्थानीय कृषि व्यवसायीसँग स्थानीय पाठ्यक्रमका बारेमा कुराकानी गरिएको थियो जसमा स्थानीय पाठ्यक्रमले स्थानीय स्तरको मौलिक पहिचानलाई संरक्षण र सम्बर्धन गर्न सक्ने र यस्ता व्यवहारिक ज्ञानका विषयहरु पाठ्यक्रममा समावेश गरी अध्ययन गराउन पाए हाम्रा छोराछोरी पनि रोजगारका लागि विदेशिनु पर्ने अवस्था आउने थिएन कि ! भन्ने जस्ता धारणहरु व्यक्त भएको थियो । स्थानीय पाठ्यक्रममा तपाइको भूमिका र धारणा कस्तो हुनुपर्छ ? भन्ने सन्दर्भमा स्थानीय ज्ञान सिपका कुराहरु हामीले हाम्रा सन्ततिहरुमा सहज हस्तान्तरण गर्न सक्छौ । यहाँका व्यवसाय गर्दाका अनुभव र समस्याहरुको बारेमा जानकारी दिन सक्छौ तर अहिलेसम्म कुनै

निकायले स्थानीय पाठ्यक्रम निर्माणको कुराहरु नउठाएको हुदाँ कहिले निर्माण गर्छन् के गर्छन् यसबारे केहि जानकारी छैन भनी गुनासो रहेको थियो ।

### ४.२.५ अभिभावक वर्ग

अभिभावक नै आफ्ना सन्तानको प्रगति चाहने शिक्षाका प्रमुख सोकारवाला हुन । यो शिक्षक सँग सहकार्य गरेर र अलग्गै आफ्ना छोरा–छोरीको भलो हुने कार्यमा निरन्तर लागिरहने वर्ग पनि हो । यसर्थ उनीहरुले विविध भूमिका निर्वाह गरेर पाठ्यक्रम निर्माणमा सहयोग गर्न सक्छन् । आफ्ना छोराछोरीको अध्ययनबाट अपेक्षा गरिएका कुरा बताएर, आवश्यक विषयवस्तुको राय सल्लाह दिएर स्थानीय ज्ञान, सीप सिकाएर पाठ्यक्रम निर्माणमा सक्रिय सहभागी भएर आफ्नो भूमिका निर्वाह गर्न सक्ने यस स्थानीय तहका अभिभावकको भनाइ रहेकोछ । यस अध्ययनको क्रममा अभिभावकहरुसँग गरिएको कुराकानी, छलफलमा आफ्ना पेसा, व्यवसाय, सीप, कला तथा संस्कृतिका कुराहरु स्थानीय पाठ्यक्रमको माध्यमद्वारा आफ्ना सन्ततिहरुमा हस्तान्तरण गर्न पाउदा एकदमै गर्वको विषय रहेको र यस्ता स्थानीय परिवेशका विषयवस्तुहरुलाई लोप हुनबाट बचाउन स्थानीय पाठ्यक्रम निर्माण गर्नु एउटा आवश्यकताको विषय रहेकोले यसमा गर्न सक्ने सहयोगको अपेक्षा राखेमा सहयोग गरिनेछ भन्ने आसय व्यक्त रहेको थियो । यी कुराहरुका आधारमा तलको तालिकाले अझ केहि स्पष्ट हुन्छ ।

तालिका ७ : अभिभावकको भूमिका

| सि.नं. | स्थानीय पाठ्यक्रम निर्माणमा अभिभावकको भूमिका |
| --- | --- |
| १ | आफ्ना छोराछोरीको क्षमता पहिचान गर्ने |
| २ | छोराछोरीले पढ्न चाहेका स्थानीय विषयवस्तुहरु स्पष्ट रुपमा राख्ने |
| ३ | अभिभावकका र समुदायका आवश्यकताहरु पहिचान गरी प्रस्तुत गर्ने |
| ४ | स्थानीय पाठ्यक्रम निर्माणमा भएका छलफल, सेमिनार तथ गोष्ठीमा सक्रिय सहभागी भई उचित सल्लाह र सुझावहरु दिने |

स्रोत : स्थलगत अध्ययन, २०७७

यसै क्रममा केही अभिभावकहरुको धारणा भने भिन्न रहेको थियो । बदलिदो परिवेश र विश्वव्यापिकरणमा स्थानीय आवश्यकताको विषयवस्तुहरु भन्दा यसको ठाँउमा अङ्ग्रेजी भाषा र कम्प्युटर विषयकै सान्दर्भिकता रहेको किनकि जुनसुकै देशमा र जुनसुकै कार्य गर्नका लागि हालको अवस्थामा अंग्रेजी राम्रो सँग जान्ने र कम्प्युटर सम्बन्धि ज्ञान भएको जनशक्तिको बढी माग हुने हुनाले बालबालिकाहरु यसै विषयमा दक्ष होऊन भन्ने धारणा केहि अभिभावकहरुमा रहेको थियो । जसमा स्थानीय पाठ्यक्रममा भन्दा अंग्रेजी र कम्प्युटर विषयकै मोह बढी रहेकोले यहि विषय पढाइ होस भन्ने आसय थियो । स्थानीय अभिभावकहरुले समेत चुनेका जनप्रतिनिधिहरु नै स्थानीय तहका नेतृत्व गर्ने व्यक्ति हुन् । त्यसैले आफ्ना बालबालिकाहरुको कार्यक्षमता र दक्षता अभिभावकले जति नजिकबाट बुझेका हुन्छन् त्यति अरुले बुझ्न सकिरहेको हुदैन र अभिभावकले पाठ्यक्रममा के–कस्ता विषयवस्तुहरु समेट्न सके उनिहरुको क्षमता र प्रतिभालाई अझ मजबुत बनाउन सकिन्छ भन्ने

विषयमा राय सुझाव सल्लाह दिन सकिन्छ भने कतिपय पाठ्यक्रमका पेसा, व्यवसाय, भाषा र संस्कृतिका विषयहरु सिकाउनका लागि अभिभावकहरुलाई नै कक्षा कोठामा लगि त्यस विषयमा विद्यार्थीहरुसँग छलफल गराउन सक्ने कार्यमा अवसर पाए सहयोग गर्ने कुराहरु व्यक्त भएकोछ ।

४.२.६ विद्यार्थी

पाठ्यक्रम निर्माण गर्दा विद्यार्थीको रुची, आवश्यकता र चाहनाहरुलाई आधार मानेर निर्माण गरिएको पाठ्यक्रम सफल र उपलब्धिमूलक हुने गर्दछ । पाठ्यक्रमको प्रमुख सरोकार विद्यार्थीहरुसँग रहेको हुन्छ । त्यसर्थ स्थानीय पाठ्यक्रम निर्माण गर्दा विद्यार्थीको सहयोग अत्यन्त आवश्यक हुन्छ । विषयवस्तुको सन्दर्भमा उठेका सरल तथा कठिनाई पक्ष, रुची, क्षमता, सरलता, सन्दर्भ जस्ता पक्षका बारेमा गहन छलफल विद्यार्थीसँग गर्नुपर्दछ भन्ने कुरा यस क्षेत्रका विद्यार्थीहरु तथा स्थानीय सरोकारवालाहरुको रहेको छ । यसलाई तलको तालिकाले अझ स्पष्ट पार्दछ ।

तालिका ८ : विद्यार्थीको भूमिका

| सि.नं. | स्थानीय पाठ्यक्रम निर्माणमा विद्यार्थीको भूमिका |
|---|---|
| १ | आफूले पढ्न चाहेका विषयवस्तुहरु स्पष्ट रुपमा प्रस्तुत गर्ने |
| २ | अभिभावकहरुलाई आफ्ना रुची, चाहना, इच्छा स्पष्ट राख्ने |
| ३ | पाठ्यक्रमको प्रयोग आफैमा हुने हुदाँ यसको निर्माणमा अग्रसर रहने |
| ४ | स्थानीय पाठ्यक्रम निर्माणमा भएका छलफल, सेमिनार तथ गोष्ठीमा सक्रिय सहभागी भई आफ्ना चाहना, इच्छा, सल्लाह तथा सुझावहरु व्यक्त गर्ने |

स्रोत : स्थलगत अध्ययन, २०७७

विद्यार्थीहरुले आफ्नो रुची, क्षमता, पढ्न चाहेको विषयको बारेमा आफ्नो इच्छा अभिव्यक्त गरेर, स्थानीय पाठ्यक्रम निर्माणमा सहभागी भएर आफ्नो तर्फबाट सहयोग गर्न सक्ने धारणा व्यक्त गरेका छन् । आफ्नो वरपरका परिवेशका विषयहरु पाठ्यक्रममा समावेश गरेर पढ्न मन छ छैन भनेर सोध्दा आफ्नो ठाँउको विषयहरु आफूले जानेका देखेका कुराहरु नै पाठ्यक्रममा समावेश गरि पढ्न पाउदाँ पढेका कुराहरु सजिलै बुझ्ने र त्यसबाट आफ्नै गाँउ ठाँउ समाजका कुराहरु बारेमा धेरै जानकारी हासिल हुने कुराहरु व्यक्त गर्दै यस विषयमा आफ्नो रुची भएको र छिट्टै आफ्नो विद्यालयमा पनि स्थानीय पाठ्यक्रम बनेर लागू भइदिए हुन्थ्यो भन्ने मनसाय रहेको पाइयो । केहि विद्यार्थीहरुले चै स्थानीय यस्तो विषयहरु पढेर के फाइदा र आखिर विदेश नगइ हुदैन क्यार पछि बरु अंग्रेजी र कम्प्युटर नै पढेको काम लाग्छ भन्ने जस्ता कुराहरु पनि आए यसबाट स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धि कुनै प्रभावकारी पहल नै नभएको देखियो ।

## ४.३ स्थानीय पाठ्यक्रम निर्माणका समस्याहरु

स्थानीय पाठ्यक्रम निर्माणको विषयमा देशमा विगत लामै समयदेखि नै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नीतिगत अभ्यास हुदै आएको छ । वि. सं. २०४९ सालको नेपाल राष्ट्रिय शिक्षा आयोग र वि.सं. २०६३ सालको राष्ट्रिय पाठ्यक्रम प्रारुपले स्थानीय पाठ्यक्रमलाई पाठ्यक्रमका संरचनागत रुपमा नै व्यवस्था गरेता पनि पाठ्यक्रम संरचनाले व्यवस्था गरेअनुसारको स्थानीय पाठ्यक्रमको निर्माण स्थानीय तहमा नगरिनु र सीमित मात्रामा गरिएका विद्यालयहरुमा पनि कागजमै मात्र सीमित रहनु प्रमुख समस्याको रुपमा रहेको छ । स्थानीय आवश्यकताको पाठ्यक्रम निर्माण गरिने अधिकार पाएता पनि पाठ्यक्रम निर्माणको सम्बन्धमा यस अध्ययन क्षेत्रमा विविध कारणहरुले पाठ्यक्रम निर्माण गर्न नसकिरहेको अवस्था देखियो ।

### ४.३.१ प्राविधिक समस्या

#### ४.३.१.१ दक्ष जनशक्तिको अभाव

स्थानीय पाठ्यक्रम निर्माण जो कोहिले सजिलै गर्न सक्ने विषय होइन । पाठ्यक्रम निर्माण गर्न त्यससँग सम्बन्धित विषय विज्ञको आवश्यकता पर्न जान्छ । सम्बन्धित विषय विज्ञको अभावमा पाठ्यक्रम निर्माण सम्भव छैन । यस अध्ययनको क्षेत्रमा स्थानीय पाठ्यक्रम निर्माणको लागि विषय विज्ञ उपलब्ध छैनन् । स्थानीय स्तरमा रहेका केही जनप्रतिनिधिहरु आफै पनि यस विषयमा अनविज्ञ रहेको पाइयो ।

#### ४.३.१.२ तालिमको अभाव

स्थानीय पाठ्यक्रम निर्माण गर्नका लागि स्थानीय स्तरका जनशक्तिहरुलाई पाठ्यक्रम विकास गर्न पाठ्यसामग्रीहरुको निर्माण तथा व्यवस्थापन गर्नका लागि आवश्यक तालिम उपलब्ध गराउनु पर्ने हुन्छ । तर यस अध्ययन क्षेत्रमा पाठ्यक्रम निर्माण सम्बन्धि उचित तालिमको व्यवस्था भएको पाइएन । यसर्थ तालिमको अभावले गर्दा पनि पाठ्यक्रम निर्माणमा समस्या रहेको पाइयो ।

#### ४.३.१.३ प्रबोधिकरणको अभाव

कुनैपनि क्षेत्रमा नवपवर्तन ल्याउनका लागि पहिला त्यस क्षेत्रका सरोकारवालाहरुलाई नवपर्वतनको बारेमा प्रवोधिकरण गर्न आवश्यक हुन्छ । उचित प्रबोधिकरणको अभावमा कुनै पनि गर्न लागेको नयाँ कार्य सफल हुन सक्दैन । गर्न लागेको कार्यको विषय के हो ? त्यस विषय लागू गर्न किन आवश्यक छ ? यसका फाइदा बेफाइदाहरु के–के छन् ? यी सबैको बारेमा आवश्यक जानकारी भएमा मात्र नयाँ कार्यका लागि सक्रिय र जागरुक हुने हुन्छन् । स्थानीय पाठ्यक्रम निर्माण गर्दा पनि पहिला स्थानीय सरोकारवालाहरुमा स्थानीय पाठ्यक्रम भनेको के हो ? यो किन निर्माण गर्न आवश्यक हुन्छ ? यसलाई कसरी निर्माण गर्ने ? जस्ता विषयमा यस अध्ययन क्षेत्रमा स्थानीय पाठ्यक्रम सम्बन्धि त्यसतो कुनैपनि प्रवोधिकरण कार्यक्रमहरु भएको पाइएन ।

### ४.३.२ आर्थिक समस्या

स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक विकासका लागि स्थानीय तहले नै आर्थिक तथा प्राविधिक व्यवस्थापन गर्नुपर्ने कुरा राष्ट्र पाठ्यक्रम प्रारुपले गरेको छ । तर यस अध्ययनको क्षेत्रमा पाठ्यक्रम निर्माण गर्न भनेर स्थानीय तहले छुट्टै बजेटको व्यवस्थापन गरेको पाइएन । स्थानीय तहको परामर्श र आर्थिक तथा प्राविधिक सहयोगमा विद्यालय स्वयम्ले पनि पाठ्यक्रम निर्माण गर्न सक्छन् भनेर उल्लेख भएतापनि यस स्थानीय क्षेत्रमा अहिले सम्म कुनै विद्यालयलाई पाठ्यक्रम निर्माण गर्न भनेर उचित बजेट तथा आर्थिक सहयोग गरेको देखिएन । विद्यालयले आफूले पाठ्यक्रम निर्माण गरेर लागू गर्न पनि पाठ्यक्रम निर्माण गर्न लाई लाग्ने खर्च विद्यालयले मात्र धान्न गाह्रो हुने र पाठ्यक्रम निर्माणमा जनशक्ति जुटाउने देखि लिएर पाठ्यसामग्रीहरु, शिक्षण सामग्रीहरु जुटाउन सम्मका लागि खर्च अपुग हुने जस्ता आर्थिक समस्याहरु रहेको पाइयो । जसले गर्दा पाठ्यक्रम निर्माणमा कठिनाइ भइरहेको पाइन्छ ।

### ४.३.३ संस्थागत समस्या

विद्यालय तथा स्थानीयतहमा स्थानीय आवश्यकता अनुसारको पाठ्यक्रम निर्माण गर्ने भनिएतापनि सबै स्थानीय तह तथा विद्यालयहरु पाठ्यक्रम निर्माणमा दक्ष छैनन् । अहिलेको यस परिवेशमा स्थानीय स्तरमै छुट्टै संघिय तहमा रहेको पाठयक्रम विकास केन्द्र जस्तै यसैको संरचना र ढाँचा अनुसार सञ्चालन हुने प्रत्येक स्थानीय तहमा स्थानीय पाठ्यक्रम निर्माणका लागि छुट्टै संस्थाको आवश्यकता रहेको पाइयो । किनकी स्थानीय तहहरुमा न त प्राविधिक ज्ञान नै छ न त आवश्यक खर्च गरेर स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धि विज्ञ प्राविधिकहरुको व्यवस्था नै गर्न सकेका छन् ।

#### ४.३.३.१ कर्मचारी व्यवस्थापनमा समस्या

स्थानीय तहमा कर्मचारी व्यवस्थापन प्रभावकारी रुपमा हुन नसकेको पाइन्छ । आवश्यक दरबन्दिहरु पनि खाली नै रहेको हुदाँ कम कर्मचारीहरुमा बढी प्रशासनीक कार्यको चाप बढेकोले गर्दा

अन्य कार्यहरुमा ढिलासुस्ती रहने समस्या एकातिर रहको छ भने अर्कोतिर सरकारी कर्मचारीहरुको सरुवा भइरहने समस्याले गर्दा पनि पुराना अलिक दिन काम गरेको जनसम्पर्क बढेका कर्मचारीहरुको सरुवा भै हाल्ने र नयाँ कर्मचारी आउने र उनीहरुलाई जनसम्पर्क गर्न र समर्थन पाउनको लागि फेरी समय लाग्ने र पूर्ण रुपमा कार्य नसक्दै सरुवा भै हाल्ने जस्ता समस्याले गर्दा पनि स्थानीय पाठ्यक्रम निर्माणमा समस्या देखिएको छ ।

### ४.३.३.२ स्थानीय ऐन, नियम निर्माणमा ढिलाई हुनु

स्थानीय तहले आफ्नो अधिकारको क्षेत्रमा आवश्यक ऐन, नियम निर्माण गर्न नसक्नु यसको अर्को मुख्य समस्या रहेको छ । स्थानीय प्रशासन प्रभावकारी ढंगले संचालन गर्नको लागि स्थानीय तहले आफ्नै स्थानीय ऐन, नियम निर्माण गरी लागु गर्न सक्ने प्रावधान रहेको छ । तर यस अध्ययन क्षेत्रमा स्थानीय तहले निर्माण गर्न सकेको छैन । ऐन, नियम निर्माण गर्ने सन्दर्भमा संघले नै कतिपय संघीय ऐन, नियम निर्माण गरिनसकेको हुदाँ स्थानीय तहले पनि संघले गर्छ र आफूले त्यसको आधारमा गर्ने भन्ने कुराको बाटो हेरेर बसेको देखिन्छ । ऐन, नियमले कुनैपनि कार्य गर्नको लागि दिशानिर्देश गर्ने हुनाले स्थानीय तहले पनि आफ्नो क्षेत्रअधिकार भित्र रहेर छुट्टै ऐन, नियम निर्माण गरी लागु गर्न आवश्यक छ तर अहिले सम्म  निर्माण हुन नसक्नु नै यसको समस्या रहेको छ ।

### ४.३.४ नीतिगत समस्या

पाठ्यक्रम प्रारुप २०७३, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, शिक्षा नीति २०७६ आदिले स्थानीय पाठ्यक्रम सम्बन्धि स्पष्ट नीति नियमहरु बनाई स्थानीय तहलाई मार्गदर्शन समेत गरेको छ तर यस स्थानीय तहले पाठ्यक्रम निर्माणको लागि आफ्नो स्पष्ट नीति नियमहरु बनाएको देखिएन । जसले गर्दा स्थानीय पाठ्यक्रम निर्माण कार्य पनि हुन सकिरहेको छैन । स्थानीय पाठ्यक्रम निर्माणको सन्दर्भमा राष्ट्रिय पाठ्यक्रम प्रारुपले पनि यति मिति सम्म पाठ्यक्रम निर्माण गरिसक्नुपर्ने भन्ने कुनै मिति नतोकेको र यसको लागि कुनैपनि निकायले अनुगमन र मुल्याङ्कन नगरेको हुदाँ स्थानीय तहले यसको

निर्माणमा हतारै नगरेको र जहिले गरेपनि हुने धारणाले ढिलासुस्ती गरेको हुनाले नीतिगत रुपमै मिति तोकिने प्रावधान हुनुपर्नेमा नभएकोले गर्दा पाठ्यक्रम निर्माणमा समस्या रहेको पाइएको छ ।

### ४.३.५ अन्य समस्याहरु

#### ४.३.५.१ अभिभावकको अंग्रजी भाषामा मोह

बालबालिकाहरुको उज्वल भविष्यको पछाडी आफ्ना अभिभावकको महत्वपूर्ण भूमिका हुने गर्दछ । प्रत्येक अभिभावकले आफ्ना नानीहरुको प्रगति र उज्वल भविष्यको कामना गर्दछन् । उनीहरु एकातिर आफ्ना नानीहरुले स्थानीय भाषा, संस्कृति, सिप, कला, व्यवसायका विषयहरुमा ज्ञान प्राप्त गरी सभ्य, सुसंस्कृत र व्यवहारिक होउन् भन्ने आसय व्यक्त गर्दछन् भने अर्कोतिर केहि अभिभावकहरु आफ्ना नानीहरुलाई अंग्रेजी र कम्प्युटर पढाउन चाहन्छन् । उनीहरु चाहन्छन कि आफ्ना नानीहरु विश्वव्यापी रुपमा फराकिलो समूहमा बाँच्न सकुन यस्ता अभिभावकहरुलाई स्थानीय विषयवस्तुहरुको केहि महत्व छ जस्तो लाग्दैन किनकी यि स्थानीय भाषा र सिपका विषयहरुले बाहिरी समुदाय र विश्वसँग सम्पर्क गर्न गाह्रो हुने गर्दछ । अभिभावकहरु आधुनिक र सुधारिएको शिक्षा प्रणालीबाट लाभान्वित हुन चाहन्छन् । आफ्ना बालबालिकाले अन्य विषयमा थोरै समय दिएर अंग्रेजी विषयमा धेरै समय बिताउन भन्ने आशा राख्दछन् । यसैले अभिभावकहरु आफ्ना नानीहरुलाई आफू एक छाक खाएर पनि आधुनिक अंग्रेजी तथा कम्प्युटर पढाउने स्कुलमा भर्ना गर्न चाहन्छन् । यिनै कारणहरुले गर्दा पनि स्थानीय पाठ्यक्रमको ठाँउमा अंग्रेजी र कम्प्युटर विषयको महत्वलाई मात्र अभिभावकहरुले बुझेको हुदाँ स्थानीय पाठ्यक्रमका विषयहरु ओझेलमा परेको प्रष्ट हुन्छ ।

#### ४.३.५.२ अंग्रजी माध्यमका संस्थागत विद्यालयहरुसँगको अस्वस्थ प्रतिस्पर्धा

हाल नेपालको पछिल्लो शिक्षाको अवस्थालाई हेर्दा सरकारी विद्यालयहरु समेत अंग्रेजी माध्यमका संस्थागत विद्यालयको तुलना गर्दै कुनै पनि वैचारिक तर्क, परामर्श समेत नगरी अंग्रेजी भाषामै जोड दिदै आइरहेको अवस्था छ । जस्ले गर्दा स्थानीय पाठ्यक्रम निर्माणमा ढिलाई भएको देखियो । यसमा

संघीय सरकारको माथिल्लो निकायमा समेत निजि क्षेत्रका लगानी कर्ता हरु नै पुग्नु ले पनि यस्ता विषय हरु ओझेलमा पर्ने गरेको पाइएको छ ।

## ४.४ प्राप्ति तथा सारांश

### ४.४.१ प्राप्ति

यस अनुसन्धान प्रदेश नं. १ को १४ वटा जिल्लाको १३७ वटा स्थानीय तह मध्ये उर्लाबारी नगरपालिका क्षेत्रमा गरिएको थियो । उक्त क्षेत्रमा स्थानीय पाठ्यक्रम निर्माणको अवस्थालाई हेर्नको लागि यस अनुसन्धान गरिएको थियो । जसबाट आएको प्राप्तिहरुलाई यसरी निम्नानुसार व्याख्या गरिएको छ ।

स्थनीय पाठ्यक्रम निर्माण समितिको गठन गरेको तर यस समितिले प्रभावकारी रुपमा आफ्नो दायित्व पुरा नगरेको पाइयो । यस स्थानीय तहले पाठ्यक्रम निर्माणको लागि आफ्नो छुट्टै नीति नियम बनाएको पाइएन । स्थानीय पाठ्यक्रम निर्माणको लागि कुनै प्राविधिकहरु स्थानीय तहमा उपलब्ध नभएको पाइयो । स्थानीय स्तरमै रहेका शिक्षा सँग सम्बन्धित व्यक्तिहरुलाई पनि पाठ्यक्रम निर्माण गर्ने सक्षमता बृद्धि गर्न त्यसतो कुनै तालिमको व्यवस्था गरेको पाइएन । स्थानीय पाठ्यक्रम सम्बन्धि कुनै पनि अभिमुखिकरण तालिम तथा प्रवोधिकरण भएको पाइएन ।

अध्ययन क्षेत्रका सबै सरोकारवालाहरुको सक्रिय सहभागिता नरहेको पाइयो । स्थानीय तहले उचित अभिमुखिकरण वा प्रवोधिकरण तालिम संचालन नगरेकोले सरोकारवालाहरुमा पाठ्यक्रम निर्माणमा आफ्नो भूमिका के हुन्छ भन्ने सम्बन्धमा जानकारीको अभाव रहेको पाइएतापनि आवश्यक परे जस्तोसुकै जिम्मेवारी लिन तयार हुने पाइयो । स्थानीय पाठ्यक्रम निर्माण गरेर लागू गर्न पाए स्थानीय स्तरमा ओझेलमा परेका हाम्रा व्यवसाय, कला, संस्कृति र सिपहरु आउने नयाँ पुस्ताहरुले सिक्ने छन् र यी कुराहरुको संरक्षण हुनेछ भन्ने अभिभावकहरुको धारणाले पाठ्यक्रम निर्माणमा सकारात्मक भएको पाइयो भने केहि अभिभावकहरुले स्थानीय पाठ्यक्रम भन्दा कम्प्युटर र अंग्रजी भाषाकै पाठ्यक्रम लागूहुनु पर्ने कुरामा जोड दिएको पाइयो ।

स्थानीय व्यवसायीहरुमा स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्छ यसमा हामीले सकेको सहयोग हाम्रो तर्फबाट गर्नेछौ भन्ने धारणा रहेको पाइयो भने स्थानीय तहले स्थानीय पाठ्यक्रम निर्माणमा सबै सरोकारवालाहरुलाई सहभागी र जानकारी नगराएको विषयमा गुनासो रहेको पाइयो । सरोकारवालाहरुको पाठ्यक्रम निर्माण प्रति सकरात्मक धारणा रहेपनि सक्रिय सहभागिता भने नरहेको पाइयो ।

यस स्थानीय तहमा स्थानीय पाठ्यक्रम अहिलेसम्म निर्माण भइसकेको पाइएन । स्थानीय पाठ्यक्रम निर्माणका लागि समिति गठन भएता पनि विविध प्राविधिक, आर्थिक र संस्थागत समस्याहरुले गर्दा पाठ्यक्रम निर्माणमा ढिला सुस्ति भएको पाइयो ।

## ४.४.२ सारांश

अध्ययनबाट प्राप्त नतिजाहरुलाई हेर्दा यस स्थानीय तहले पाठ्यक्रम निर्माणको लागि स्पष्ट रुपमा नीति नियम बनाइ अघि बढेको देखिएन । पाठ्यक्रम निर्माणका लागि समिति गठन भएपनि उक्त समितिले प्रभावकारी संयन्त्रद्वारा कार्य नगरेको पाइयो । स्थानीय पाठ्यक्रम स्थानीय सरोकारवालाहरुको सहभागीतामा निर्माण गरि लागू गरिने प्रावधान रहेको छ तर यस स्थानीय तहले स्थानीय सबै सरोकारवालाहरुलाई पाठ्यक्रम निर्माणका लागि प्रबोधिकरण कार्यक्रमहरु संचालन नगरेकोले सबैमा स्थानीय पाठ्यक्रम सम्बन्धि आवश्यक जानकारीको अभाव रहेको छ । केहिलाई सामान्य जानकारी भएता पनि सक्रिय सहभागिता रहेको छैन । स्थानीय स्तरमा भएका जनशक्तिहरुको क्षमता अभिबृद्धि गर्न तालिम, प्राविधिकहरुको आवश्यक भएता पनि विविध आर्थिक, प्राविधिक र संस्थागत समस्याहरुको कारणले पाठ्यक्रम निर्माण हुन सकिरहेको छैन ।

# परिच्छेद पाँचः निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा  स्थानीय तहमै निर्माण गरि कार्यान्वयन गरिने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । यसलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाको रुपमा विकास गरिन्छ । स्थानीय आवश्यकतालाई उचित रुपमा सम्बोधन गर्न शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउने अभ्यास विश्वव्यापी रुपमा भइरहेको छ ।

नेपालमा पनि स्थानीय पाठ्यक्रम सम्बन्धि सामान्य प्रयासहरु हुदै पनि आएका छन् । राष्ट्रिय पाठ्यक्रम प्रारुपले पनि स्थानीय तहलाई कक्षा १ दखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम विकास गर्न सक्ने अधिकार प्रदान गरेको छ । तथापि स्थानीय आवश्यकताका ज्ञान, सिप, प्रविधि आदिमा आधारित स्थानीय पाठ्यक्रमलाई व्यवस्थित गर्न उपयुक्त वातावरण निर्माण गर्न सकिएको अवस्था छैन । स्थानीय तहमा पाठ्यक्रम निर्माण गर्नको लागि दक्ष जनशक्ति उपलब्ध नहुनु स्थानीय स्तरका पदाधिकारीहरु परिवर्तन भैरहनु, स्पष्ट रुपमा ऐन नियम बनाएर लागू गर्न नसक्नु, स्थानीय तहका पदाधिकारीहरुमा केन्द्रमुखि प्रवृत्ति हावि हुनु जस्ता समस्याहरुले गर्दा पाठ्यक्रम निर्माण हुन नसकेको अवस्था रहेको छ ।

स्थानीय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण गर्नका लागि स्पष्ट ऐन, नियम बनाएर अघिबढ्नु पर्ने देखिन्छ । स्थानीय पाठ्यक्रम निर्माण गर्न प्राविधिकको व्यवस्था गर्नुपर्दछ । भएका जनशक्तिहरुलाई तालिम दिई दक्ष बनाउनु पर्दछ । अभिमुखिकरण कार्यक्रमहरु संचालन गर्नुपर्दछ । स्थानीय पाठ्यक्रम निर्माणमा सबै सरोकारवालाहरु विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी, अभिभावक, उद्योगी, व्यवसायी र अन्य संघ संस्थाहरु समेतलाई सहभागि गराएर उनीहरुको सल्लाह, सुझाव र सहयोग लिनुपर्ने र विभिन्न कार्यक्रमहरु संचालन गरि स्थानीय पाठ्यक्रमको महत्व बोध गराई सबैलाई आ–आफ्नो दायित्व र जिम्मेवारीप्रति प्रतिबद्ध बनाउन आवश्यक रहेको छ ।

शिक्षाशास्त्र अर्न्तगत पाठ्यक्रममै अध्ययन गर्ने विद्यार्थीहरुलाई परिचालन गरि स्थानीय पाठ्यक्रम निर्माण गर्ने अभ्यासको थालनी गर्न आवश्यक देखिन्छ । जसले गर्दा विद्यार्थीहरुमा पनि सैद्धान्तिक मात्र नभइ व्यवहारिक दक्षता हासिल हुने हुन्छ भने स्थानीय तहले पनि पाठ्यक्रम पाउने

हुन्छन् । त्यसर्थ स्थानीय स्तरमै उपलब्ध जनशक्तिहरु परिचालन गरि उनीहरुको क्षमता अभिबृद्धि गराई उनिहरुकै सहभागितामा स्थानीय परिवेशका विषयवस्तुहरु समावेश गरि स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिन्छ भन्ने यसको निष्कर्ष रहेको छ ।

देशमा केन्द्रिय पाठ्यक्रम लागू भइरहदा शैक्षिक बेरोजगार ठूलो समस्याको रुपमा रहेको छ । विद्यालय शिक्षा तथा उच्च शिक्षासम्मको अध्ययनले पनि शिक्षित जनशक्तिहरुलाई स्वःरोजगार बनाउन सकेको छैन । जसले गर्दा युवाशक्ति विदेशिन बाध्य छन् । प्राकृतिक स्रोत र साधनले भरिपूर्ण हाम्रा गाँउ उजाड बन्दै गइरहेको स्थिति छ । नेपाली समाजको हातमुख जोड्ने, आय आर्जन गर्ने मूल स्रोत कृषि तथा पशुपालन क्षेत्र धरासायी हुदै गइरहेको छ । भौगोलिक, सांस्कृतिक, जैविक विविधताले धनी हाम्रो राष्ट्रमा यी विविधताहरुलाई समेट्न सक्ने, उत्पादनलाई वैज्ञानिकीकरण, व्यवसायीकरण साथै बजारीकरण गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्न त्यतिकै आवश्यक छ । यसका लागि स्थानीय पाठ्यक्रम एक आधारशिला बन्न सक्नेछ । त्यसैले स्थानीय पाठ्यक्रमका नाममा ऐच्छिक विषय कम्प्युटर र अंग्रेजी विषय अध्यापन नगराई स्थानीय आवश्यकतामा आधारित विषयवस्तुहरु समेटी ७५३ वटै स्थानीय तहमा पाठ्यक्रम निर्माण गरि लागू गर्न आवश्यक रहेको छ भन्ने यस सोध पत्रको निष्कर्ष रहेको छ ।

## ५.२ सुझावहरु

यस स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी अनुसन्धानमा प्राप्त तथ्यहरुका आधारमा विविध सुझावहरु प्रस्तुत गरिएकोछ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तहका लागि सुझाव

स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्ने विविध नीतिगत प्रावधानहरु भएपनि अनुगमनको अभावमा यसको निर्माण तथा कार्यान्वयन हुन सकेको छैन । यसका लागि केन्द्रिय तहबाट निरिक्षण तथा अनुगमन गर्नु आवश्यक छ । स्थानीय पाठ्यक्रम निर्माणका लागि यथासक्य सर्वेक्षण गरि कार्य गर्ने

वातावरण निर्माण गर्नु पर्नेछ । स्थानीय पाठ्यक्रम निर्माणका लागि बजेटको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय तहहरुमा पाठ्यक्रम निर्माणको अवस्था के कस्तो रहेको छ अनुगमन गर्नुपर्दछ । स्थानीय तहलाई प्राविधिक तथा विज्ञहरु उपलब्ध गराउन उचित रुपमा सहयोग गर्नुपर्दछ ।

### ५.२.२ अभ्यास तहका लागि सुझाव

स्थानीय पाठ्यक्रम निर्माणको प्रक्रियागत चरणहरु अपनाई पाठ्यक्रम निर्माण गर्नुपर्दछ । स्थानीय पाठ्यक्रम सम्बन्धि अभिमुखीकरण, प्रबोधिकरण कार्यक्रमहरु संचालन गर्नुपर्दछ । स्थनीय स्तरका सरोकारवालाहरुसँग छलफल गर्ने सल्लाह सुझाव लिने गर्नुपर्दछ । पाठ्यक्रम निर्माणको लागि समितिहरु गठन गर्ने र उक्त समितिको कार्य अनुगमन गर्नुपर्दछ । तालिम, प्रशिक्षणको व्यवस्थापन गरि पाठ्यक्रम निर्माणमा क्षमता अभिवृद्धि गर्नुपर्दछ ।

### ५.२.३ अनुसन्धान तहका लागि सुझाव

स्थानीय तहले नीतिगत व्यवस्था अनुसार पाठ्यक्रम निर्माण गरे नगरेको विषयमा सुचनाहरु संकलन गर्ने, पाठ्यक्रम निर्माणमा के–कस्ता अभ्यासहरु भइरहेका छन् ? त्यसको खोजी गर्नुपर्दछ । स्थानीय पाठ्यक्रम निर्माण नभएको ठाँउमा के कस्तो समस्याले निर्माण हुन सकिरहेको छैन तिनीहरुको खोजी गर्नुपर्दछ साथै स्थानीय पाठ्यक्रमको प्रभावकारीता शीर्षकमा खोज गर्न आवश्यक देखिन्छ । स्थानीय पाठ्यक्रममा समावेश गर्न सकिने विषयहरुको अध्ययन गरि प्राथमिकिकरण गर्ने त्यस्ता विषयहरुलाई पाठ्यक्रममा समावेश गर्न सिफारिस गर्नुपर्दछ । समाजका जल्दाबल्दा विषयहरु बारे अध्ययन अनुसन्धान गरि आवश्यकता पहिचान गर्नुपर्दछ, प्रतिवेदन बनाउने र समस्या समाधानका लागि सुझावहरु पेश गर्न आवश्यक छ तथा आगामी दिनमा यस अनुसन्धानले स्थानीय पाठ्यक्रम निर्माणका सम्बन्धमा खोज अनुसन्धान गर्ने जो कोहि खोज कर्ता लाई स्थानीय विषयवस्तुका लागि आधार प्रदान गर्ने छ ।

## स्थानीय पाठ्यक्रम निर्माणको अवस्था

## अनुसूची – १

### प्र.अ. तथा नगरपालिकाका पदाधिकारीहरुसँग सोधिने अन्तर्वार्ता प्रश्नावली

१. स्थानीय पाठ्यक्रम निर्माण गर्नुभएको छ कि छैन ?

२. तपाइको क्षेत्रमा स्थानीय पाठ्यक्रम निर्माणमा किन ढिलाइ भएको हो ?

३. यस क्षेत्रमा स्थानीय पाठ्यक्रम निर्माणका सन्दर्भमा कुनै तालिम, गोष्ठी, सेमिनार सञ्चालन गर्नुभयो ?

४. स्थानीय पाठ्यक्रम सरल रुपमा निर्माण गर्ने आधारहरु के के छन् ?

५. स्थानीय पाठ्यक्रम निर्माणमा आर्थिक समस्या छ वा छैन ?

६. स्थानीय पाठ्यक्रम निर्माणमा अभिभावकको धारणा कस्तो पाउनुभएको छ ?

७. स्थानीय पाठ्यक्रम निर्माणमा विद्यार्थीको धारणा कस्तो पाउनुभएको छ ?

८. स्थानीय पाठ्यक्रम निर्माणमा शिक्षकको धारणा कस्तो पाउनुभएको छ ?

९. स्थानीय पाठ्यक्रम निर्माणमा कस्ता–कस्ता समस्या छन् ?

१०. तपाइको विचारमा स्थानीय पाठ्यक्रम निर्माणका लागि के–कस्ता उपायहरु अपनाउनु पर्छ ?

११. तपाइको विचारमा स्थानीय पाठ्यक्रम निर्माणका फाइदाहरु के–के छन् ?

१२. स्थानीय पाठ्यक्रम निर्माणमा संस्थागत र नीतिगत व्यवस्था कस्तो रहेको छ ?

# स्थानीय पाठ्यक्रम निर्माणको अवस्था

## अनुसूची – २

### विद्यालय व्यवस्थापन समिति पदाधिकारिको अन्तर्वार्ता प्रश्नावली सूची

१. तपाइको क्षेत्रमा स्थानीय पाठ्यक्रम निर्माण भएको छ ?

२. तपाइको क्षेत्रमा स्थानीय पाठ्यक्रम निर्माणमा किन ढिलाई भएको हो ?

३. तपाइले स्थानीय पाठ्यक्रम निर्माणका सन्दर्भमा कुनै तालिम, गोष्ठी, सेमिनारमा भाग लिनु भएको छ ?

४. तपाइको विचारमा स्थानीय पाठ्यक्रम सहज रुपमा निर्माण हुने आधारहरु के के छन् ?

५. स्थानीय पाठ्यक्रम सहज रुपमा निर्माण गर्न के गर्न आवश्यक देख्नुहुन्छ ?

६. स्थानीय पाठ्यक्रम निर्माणमा अभिभावकको धारणा कस्तो पाउनुभएको छ ?

७. स्थानीय पाठ्यक्रम निर्माणमा विद्यार्थीको धारणा कस्तो पाउनुभएको छ ?

८. स्थानीय पाठ्यक्रम सम्बन्धी जनप्रतिनिधिहरुको धारणा कस्तो पाउनुभएको छ ?

९. स्थानीय पाठ्यक्रम निर्माणमा कस्ता–कस्ता समस्या छन् ?

१०. तपाइको विचारमा स्थानीय पाठ्यक्रम निर्माणका लागि के–कस्ता उपायहरु अपनाउन सकिन्छ ?

११. स्थानीय पाठ्यक्रम निर्माणका फाइदाहरु के–के छन् ?

१२. स्थानीय पाठ्यक्रम निर्माणका सन्दर्भमा संस्थागत र नीतिगत व्यवस्था कस्तो रहेको पाउनुहुन्छ ?

# स्थानीय पाठ्यक्रम निर्माणको अवस्था

## अनुसुची - ३

### विद्यार्थीको अन्तर्वार्ता प्रश्नावली सूची

१. तिमी कति कक्षामा पढ्छौ ?

२. तिमीलाई सबैभन्दा मनपर्ने विषय कुन हो ?

३. कुन शिक्षकले तिम्रो स्थानीय ठाँउका कुराहरु पढाउनुहुन्छ ?

४. तिमीलाई आफ्नो ठाँउवरिपरका विषयवस्तुहरु पढाइहुदाँ कस्तो लाग्छ ?

५. शिक्षकले पढाएको कुराहरु तिमी बस्ने ठाँउ वरिपरि जादाँ देख्ने, सुन्ने अवसर पाउदाँ कस्तो महसुस हुन्छ ?

६. स्थानीय पाठ्यक्रमको ठाँउमा कुन विषय पढिरहेका छौ ?

७. स्थानीय पाठ्यक्रममा कस्ता विषयहरु पढ्न पाए हुन्थ्यो भन्ने लागेको छ ?

८. स्थानीय पाठ्यक्रम निर्माणका सन्दर्भमा कुनै तालिम, गोष्ठी, सेमिनारमा भाग लिने अवसर पाएका छौ ?

# स्थानीय पाठ्यक्रम निर्माणको अवस्था

## अनुसूची – ४

### अभिभावक संगको अन्तर्वार्ता प्रश्नावली सूची

१. तपाइको छोराछोरी पढ्ने विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माण भएको छ ?

२. तपाइको छोराछोरीले कुन विषय पढ्न बढी मन पराउछन् ?

३. तपाइका नानीहरु कुन शिक्षकको घरमा बढी कुरा गर्न रुचाउछन्, किन?

४. तपाइलाई स्थानीय पाठ्यक्रम निर्माणमा नानीहरुको धारणा कस्तो पाउनुभएको छ ?

५. तपाइका विचारमा स्थानीय पाठ्यक्रम निर्माण गर्नु कतिको सान्दर्भिक देख्नुहुन्छ ?

६. स्थानीय पाठ्यक्रम निर्माणमा केही समस्या देख्नुभएको छ वा छैन ? छ भने ति समस्याहरु के–के हुन् ?

७. स्थानीय पाठ्यक्रमको निर्माणमा के सुझाव दिन चाहनुहुन्छ ?

८. स्थानीय पाठ्यक्रम निर्माणमा जनप्रतिनिधिहरुको धारणा कस्तो पाउनुभएको छ ?

९.स्थानीय पाठ्यक्रम निर्माणमा कुनै समस्या आएको छ वा छैन ? छन् भने ति के–के हुन् ?

१०. तपाइको विचारमा स्थानीय पाठ्यक्रम प्रभावकारी रुपमा निर्माण गर्नका लागि के–कस्ता उपायहरु अपनाउन सकिन्छ ?

११. तपाइको विचारमा स्थानीय पाठ्यक्रम निर्माण पछिका फाइदाहरु के–के छन् ?

# स्थानीय पाठ्यक्रम निर्माणको अवस्था

## अनुसूची – ५

### व्यवसायीक र उद्योग वाणिज्य संघका प्रतिनिधिहरुलाई

१. तपाइको क्षेत्रमा रहेका विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माण भएको छ ?

२. स्थानीय पाठ्यक्रम निर्माणबाट स्थानीय व्यवसायीक क्षेत्रमा कस्तो प्रभाव पर्ने देख्नुहुन्छ ?

३. स्थानीय पाठ्यक्रममा निर्माणमा तपाईको धारणा के– कस्तो रहेको छ ?

४. तपाइलाई स्थानीय पाठ्यक्रम निर्माणमा विद्यार्थीहरुले कस्तो महसुस गरेको पाउनुभएको छ ?

५. तपाइका विचारमा स्थानीय पाठ्यक्रम निर्माण गर्नु कतिको सान्दर्भिक देख्नुहुन्छ ?

६. स्थानीय पाठ्यक्रम निर्माणमा केही समस्या देख्नुभएको छ वा छैन ? छ भने ति समस्याहरु के–के हुन् ?

७. स्थानीय पाठ्यक्रम निर्माणमा के सुझाव दिन चाहनुहुन्छ ?

८. स्थानीय पाठ्यक्रम निर्माणमा जनप्रतिनिधिहरुको धारणा कस्तो पाउनुभएको छ ?

९. स्थानीय पाठ्यक्रम निर्माणले पर्यटकीय क्षेत्रमा कस्तो र कसरी प्रभाव पार्ने देख्नुहुन्छ ?

१०. तपाइको विचारमा स्थानीय पाठ्यक्रम सहज निर्माणका लागि के–कस्ता उपायहरु अपनाउन सकिन्छ ?

११. तपाइको विचारमा स्थानीय पाठ्यक्रम निर्माण पछिका फाइदाहरु के–के छन् ?

१२. स्थानीय पाठ्यक्रम निर्माणले आर्थिक क्षेत्रमा कस्तो र कसरी प्रभाव पार्ने देख्नुहुन्छ ?

# स्थानीय पाठ्यक्रम निर्माणको अवस्था

## अनुसूची – ६

### शिक्षक संगको अन्तर्वार्ता प्रश्नावली सूची

१. तपाइले पढाउने विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माण भएको छ ?

२. तपाइका विद्यार्थीहरु कुन विषय पढ्न बढी मन पराउछन् ?

३. स्थानीय पाठ्यक्रम निर्माण गर्नु कतिका सान्दर्भिक देख्नुहुन्छ, किन?

४. तपाइलाई स्थानीय पाठ्यक्रम निर्माणमा नानीहरुको धारणा कस्तो पाउनुभएको छ ?

५. तपाइका विचारमा स्थानीय पाठ्यक्रमको निर्माणले के–के कुरामा फाइदा पुग्ने देख्नुहुन्छ ?

६. स्थानीय पाठ्यक्रम निर्माणमा केही समस्या देख्नुभएको छ वा छैन ? छ भने ति समस्याहरु के–के हुन् ?

७. स्थानीय पाठ्यक्रमको निर्माणमा के सुझाव दिन चाहनुहुन्छ ?

८. स्थानीय पाठ्यक्रम निर्माणमा जनप्रतिनिधिहरुको धारणा कस्तो पाउनुभएको छ ?

९.स्थानीय पाठ्यक्रम निर्माणमा कुनै समस्या आएको छ वा छैन ? छन् भने ति के–के हुन् ?

१०. तपाइको विचारमा स्थानीय पाठ्यक्रम प्रभावकारी रुपमा निर्माण गर्नका लागि के–कस्ता उपायहरु अपनाउन सकिन्छ ?

११. तपाइको विचारमा स्थानीय पाठ्यक्रम निर्माण पछिका फाइदाहरु के–के छन् ?

१२. तपाइले स्थानीय पाठ्यक्रम निर्माणमा प्र.अ. र माथिल्लो निकायका व्यक्तिहरुको धारण कस्तो पाउनुभएको छ ?